
# चुमनुव्री गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## सिर्दिबास, गोरखा,

## गण्डकी प्रदेश, नेपाल




## चुमनुव्री गाउँपालिकाको भू-उपयोग वर्गीकरण योजना २०८२,

## सिर्दिबास, गोरखा, गण्डकी प्रदेश

## विषय सुची

परिच्छेद १: पृष्ठभूमि ........ 6

१.१ भू-उपयोग वर्गीकरण योजना अद्यावधिक कार्यक्रमको महत्त्व ........ 6

१.२ भू-उपयोग वर्गीकरण योजना अद्यावधिक कार्यक्रमको उद्धेश्य ........ 7

१. ३ भू-उपयोग ऐन २०७६ ........ 7

१. ४ भू-उपयोग अद्यावधिकको महत्त्व ........ 12

परिच्छेद २: परिचय ........ 13

२.१ परिचय ........ 13

२.२ भौगोलिक अवस्थिती ........ 13

२.२.१ अवस्थिति ........ 14

२. ३ जातजाती ........ 14

२. ४ वन र जैविक विविधता ........ 15

२. ५ वातावरण ........ 16

२. ६ जनसङ्ख्या वितरण र घनत्व ........ 16

२. ७ साक्षरता स्थिति ........ 19

परिच्छेद ३: वर्तमान भू-उपयोग अवस्था ........ 21

३. १ आर्थिक स्थिति ........ 22

३. १. १ कृषि अवस्था ........ 22

३. १. २ सांस्कृतिक र पुरातात्विक क्षेत्र ........ 24

३. १. ३ वन क्षेत्र कभरेज ........ 24

३. १. ४ आवासीय क्षेत्र ........ 25

३.१. ५ व्यापारिक ........ 25

३. १. ६ सार्वजनिक सेवा क्षेत्र ........ 25

३. १. ७ नदी र ताल क्षेत्र ........ 26

३. १. ८ औद्योगिक क्षेत्र ........ 26

३.१.९ अन्य क्षेत्र ........ 26
३.२ पूर्वाधार र सेवाहरू ........ 27
३.२.१ सडक ........ 27
३.२.२ स्वास्थ्य ........ 27
३.२.३ पिउने पानी ........ 28
३.२.४ बिजुली र उर्जा ........ 29
३.२.५ सञ्चार ........ 29
३.२.६ शैक्षिक संस्थाहरू ........ 30
३.२.७ नदीनाला तथा तालपोखरी ........ 31
३.३ सम्पदा, संस्कृति र पर्यटन ........ 32
३.३.१ सम्पदा ........ 32
३.३.२ संस्कृति ........ 32
३.३.३ पर्यटन ........ 32
परिच्छेद ४ : कार्यविधि ........ 34
४.१ सन्दर्भ सामाग्रीको अध्ययन ........ 34
४.२ प्रारम्भिक कार्यशाला ........ 34
४.३ वडागत कार्यशाला तथा तथ्याङ्क सङ्कलन ........ 35
४.४ सङ्कलित तथ्याङ्कको विश्लेषण तथा भू-उपयोग वर्गीकरण ........ 36
४.५ प्रतिवेदनको अन्तिम प्रस्तुति ........ 36
परिच्छेद ५ : अद्यावधिक पश्चात भू-उपयोग क्षेत्र वर्गीकरण ........ 37
परिच्छेद ६ : निष्कर्ष ........ 40
अनुसूचीहरू ........ 42
अनुसूची : १ ........ 42
(चुमनुव्री गाउँपालिकाको भू-उपयोग मापदण्ड,२०८२) ........ 42

अनुसूची : २ ........................................................................................................ 47
(माईन्युट्स) .......................................................................................................... 47
अनुसूची : ३ ......................................................................................................... 55
(भू-उपयोग नक्सा) ................................................................................................ 55

## तालिकाहरु

तालिका नं. 1 : जातजातिका आधारमा जनसङ्ख्या विवरण (प्रतिशत)........................................ 14
तालिका नं. 2 : चुमनुव्री गाउँपालिकाको घरधुरी,जनसङ्ख्या,औषत परिवार सङ्ख्या तथा जनघनत्व वितरण.... 17
तालिका नं. 3 : उमेर अनुसार जनसङ्ख्या विवरण........................................ 18
तालिका नं. 4 : साक्षरता विवरण सम्बन्धी विवरण........................................ 19
तालिका नं. 5 : वर्तमान भूउपयोगको प्रकार, त्यसले ओगटेको क्षेत्रफल (वर्ग मि) र प्रतिशत........................ 21
तालिका नं. 6 : कृषि क्षेत्र सम्बन्धी विवरण........................................ 23
तालिका नं. 7 : सांस्कृतिक र पुरातात्विक क्षेत्र सम्बन्धी विवरण........................................ 24
तालिका नं. 8 : कृषि क्षेत्र सम्बन्धी विवरण........................................ 25
तालिका नं. 9 : आवासीय क्षेत्र सम्बन्धी विवरण........................................ 25
तालिका नं. 10 : वाणिज्य क्षेत्र सम्बन्धी विवरण........................................ 25
तालिका नं. 11 : सार्वजनिक प्रयोग क्षेत्र सम्बन्धी विवरण........................................ 26
तालिका नं. 12 : नदी र ताल र मार्स क्षेत्र सम्बन्धी विवरण........................................ 26
तालिका नं. 13 : औद्योगिक क्षेत्र सम्बन्धी विवरण........................................ 26
तालिका नं. 14 : कृषि क्षेत्र सम्बन्धी विवरण........................................ 26
तालिका नं. 15 : स्वास्थ्य सेवा प्रवाह सम्बन्धी विवरण........................................ 28
तालिका नं. 16 : पिउने पानीको मुख्य स्रोतको विवरण........................................ 29
तालिका नं. 17 : बत्ती बाल्ने इन्धनको प्रयोगका आधारमा घरधुरी विवरण........................................ 29
तालिका नं. 18 : शैक्षिक संस्थाहरूको विवरण........................................ 30
तालिका नं. 19 : सम्भावित (अद्यावधिक) भू-उपयोग वर्गीकरणको अवस्था, क्षेत्रफल (वर्ग कि.मि) र प्रतिशत. 37
तालिका नं. 20 : वर्तमान भू-उपयोग र सम्भावित (अद्यावधिक) भू-उपयोग वर्गीकरण सम्बन्धी विवरण....... 39

## चित्रहरु


चित्र 1. जात/जाति सम्बन्धी विवरण ........................................ 15
चित्र 2. जनसङ्ख्या विवरण ........................................ 18
चित्र 3. साक्षरता सम्बन्धी विवरण ........................................ 20
चित्र 4. नापी विभागबाट प्राप्त भूउपयोग क्षेत्रको विवरण ........................................ 22
चित्र 5. अद्यावधिक भू-उपयोग क्षेत्रको विवरण ........................................ 38
चित्र 6. अद्यावधिक भू-उपयोग क्षेत्र वर्गीकरण नक्सा ........................................ 56
चित्र 7. अद्यावधिक भू-उपयोग क्षेत्र वर्गीकरण नक्सा वडा 1 ........................................ 57
चित्र 8. अद्यावधिक भू-उपयोग क्षेत्र वर्गीकरण नक्सा वडा 2 ........................................ 58
चित्र 9. अद्यावधिक भू-उपयोग क्षेत्र वर्गीकरण नक्सा वडा 3 ........................................ 59
चित्र 10. अद्यावधिक भू-उपयोग क्षेत्र वर्गीकरण नक्सा वडा 4 ........................................ 60
चित्र 11. अद्यावधिक भू-उपयोग क्षेत्र वर्गीकरण नक्सा वडा 5 ........................................ 61
चित्र 12. अद्यावधिक भू-उपयोग क्षेत्र वर्गीकरण नक्सा वडा ६ ........................................ 62
चित्र 13. अद्यावधिक भू-उपयोग क्षेत्र वर्गीकरण नक्सा वडा ७ ........................................ 63

# परिच्छेद १: पृष्ठभूमि

भूमिको गुण क्षमता र वनावटको आधारमा त्यसका समूचित उपयोगका लागि नेपाल सरकारले विगत लामो समय देखि भूउपयोग सम्बन्धी नीति नियम तथा कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ । यस्ता समग्र भूउपयोग कार्यक्रमको मुख्य उद्देश्य भनेको जमिनको भौगोलिक स्वरुप, बनौट, गुण, र क्षमताका आधारमा जमिनलाई वर्गीकरण गरी सो अनुरुप भूउपयोग नक्सा तथा तथ्याङ्क तयार गर्ने हो । नेपालको संविधान २०७२ ले "राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व" अन्तर्गत धारा ५१ ङ (३) मा "किसानको हक हित संरक्षण र सम्वर्द्धन गर्दै कृषिको उत्पादन, तथा उत्पादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण, औद्योगीकरण, विविधीकरण, र आधुनिकीकरण गर्ने" भन्ने कुरा लाई निर्दिष्ट गरेको छ । त्यसैगरी धारा ५१ ङ (४) मा भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा भू-उपयोग नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने भन्ने उल्लेख गरिएको छ । त्यसगरी संविधानको धारा ५७ को उपधारा (१) र धारा १०९ मा भूउपयोग नीति, वस्ती विकास नीति, पर्यटन नीति, र वातवरण अनुकूल नीति लाई संघको अधिकार क्षेत्रभित्र राखिएको छ ।

भूमि सम्बन्धी ऐन २०२१ को दफा ५१ ङ बमोजिम भू-उपयोग कार्यक्रम संचालन गर्ने सम्बन्धमा जग्गाको वर्गीकरण गर्दा माटोको प्रकृति, उर्वराशक्ति, भौगोलिक स्थिति, वातावरण तथा जलवायु समेतको आधारमा गरिने छ भन्ने कुरा उल्लेख गरिएको छ । यसरी भू-उपयोग कार्यक्रम संञ्चालन गर्दा दफा ५१ (च) बमोजिम गठित भू-उपयोग परिषदबाट निर्धारित नीतिको अधिनमा रही तोकिए बमोजिम सञ्चालन गर्नु पर्नेछ भन्ने प्रावधान गरिएको छ । हाल कार्यान्वयनमा रहेको भू-उपयोग ऐन २०७६ को दफा ५ (२) मा मन्त्रालयले प्रत्येक स्थानिय तहको भू-उपयोग नक्सा तयार गर्नु, गराउनु पर्ने र स्थानिय तहमा गर्नुपर्ने भन्ने कुरा उल्लेख गरिएको छ । यस ऐनको दफा ५ (३) मा त्यसरी तयार गरिएको भू-उपयोग नक्सा लाई स्थानिय भूउपयोग परिषदले आवश्यकता अनुसार अद्यावधिक गरी लागु गर्नु पर्नेछ भन्ने उल्लेख गरिएको छ । त्यसैगरी, दफा ५ (४) मा स्थानिय तहको आवश्यकता अनुसार भूउपयोग क्षेत्र नक्सा अद्यावधिक गर्ने विभागले आवश्यक सहयोग गर्ने भन्न कुरा उल्लेख गरिएको छ ।

### १.१ भू-उपयोग वर्गीकरण योजना अद्यावधिक कार्यक्रमको महत्त्व

बढ्दो जनसङ्ख्या र अव्यवस्थित सहरीकरणले गर्दा खेतीयोग्य जमिनको खण्डीकरण अत्यधिक रूपमा बढ्दै गइरहेको छ । यस किसिमको खेतीयोग्य जग्गाको खण्डीकरण शहरी क्षेत्रमा बढ्दो रूपमा देखिन्छ । दिगो विकास अहिलेको आवश्यकता भएकोले खेतीयोग्य जग्गाको संरक्षण गरी उत्पादन बढाउनु आजको आवश्यकता हो । अर्को शब्दमा भन्नुपर्दा खाद्य सुरक्षा अहिलेको प्रमुख आवश्यकता हो । यस आवश्यकतालाई सम्बोधन गर्ने पहिलो खुडिकला भनेको खेतीयोग्य जमिनको संरक्षण गर्नु हो । खेतीयोग्य जमिनलाई थप खण्डीकरण हुन बाट जोगाउन कम्तीमा कृषि क्षेत्रको पहिचान गरी

त्यसलाई थप खण्डीकरण हुन बाट बचाउनु पर्दछ। त्यस अनुरूप यस अद्यावधिक कार्यक्रम अगाडी बढाइएको छ ।

यस सन्दर्भमा भू-उपयोग ऐन २०७६ ले समग्र जमिनको प्रयोग लाई १० क्षेत्रमा वर्गीकरण गर्नु भनेर निर्दिष्ट गरेको छ । त्यस अनुरूप नापी विभागले देशभरिको सम्पूर्ण नगरपालिका तथा गाउँपालिकाहरूको भू-उपयोग नक्सा तयार गरी स्थानीय तहहरू लाई हस्तान्तरण गरिसकेको अवस्था छ । यसरी तयार पारेको भू-उपयोग नक्सालाई तत्काल लागू गर्ने भनेर भू-उपयोग नियमावली २०७९ ले स्थानीय तहलाई निर्दिष्ट गरेको छ । यदि नापी विभागले प्रदान गरेको भू-उपयोग नक्सामा परिवर्तित भू-उपयोग र स्थानीय आवश्यकतालाई सम्बोधन गर्नुपर्ने भएमा स्थानीय तहले अद्यावधिक गर्न पाउने भन्ने कुरा भू-उपयोग नियमावली २०७९ मा उल्लेख छ ।

नापी विभागद्वारा तयार गरिएका भू-उपयोग नक्सा करिब ३/४ वर्ष अगाडी तयार गरिएको र यस अवधिमा चुमनुव्री गाउँपालिकाको भू-उपयोगमा धैरै परिवर्तन आइसकेकोले यस भू-उपयोग नक्सा अद्यावधिक परियोजनाको आवश्यकता महसुस गरी यस कार्यक्रमलाई अगाडी बढाएको छ । समयपरक नक्सा तयार गरी भूमिको समुचित प्रयोग गर्न यस भू-उपयोग वर्गीकरण योजना अद्यावधिक कार्यक्रमको महत्त्व धैरै रहेको छ ।

### १.२ भू-उपयोग वर्गीकरण योजना अद्यावधिक कार्यक्रमको उद्धेश्य

यस भू-उपयोग योजना अद्यावधिक कार्यक्रमको उद्देश्य यस प्रकार रहेको छ ।

१. भू-उपयोग वर्गीकरण सम्बन्धमा स्थानीय बासिन्दासँग सल्लाह सुझाव लिनु ।
२. कानुनी प्रावधान र स्थानीय आवश्यकता अनुसार भूउपयोग क्षेत्र अद्यावधिक गर्नु ।
३. अद्यावधिक गरिएको भू-उपयोग नक्सा लाई कित्ता नक्सा सँग एकीकृत गर्नु ।

### १. ३ भू-उपयोग ऐन २०७६

भू-उपयोग ऐन २०७६ ले नेपालको भू बनौट, क्षमता, उपयुक्तता, मौजुदा उपयोग र आवश्यकता समेतका आधारमा भूमिलाई देहाय बमोजिम दश क्षेत्रमा वर्गीकरण गर्ने भनी उल्लेख गरिएको छ ।

- कृषि क्षेत्र
- आवासीय क्षेत्र
- व्यवसायिक क्षेत्र
- औद्योगिक क्षेत्र
- खानी तथा खनिज क्षेत्र

- वन क्षेत्र
- नदी, खोला, ताल  तथा सिमसार क्षेत्र
- सार्वजनिक क्षेत्र
- सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र
- नेपाल सरकारबाट आवश्यकता अनुसार तोकिएका अन्य क्षेत्र ।
- भू-उपयोग ऐन २०७६ अनुसार भू-उपयोग क्षेत्र वर्गीकरण गर्नका लागि भू-उपयोग नियमावली २०७९ अनुसूची १ मा उल्लेख गरिएको भू-उपयोग क्षेत्र वर्गीकरणका आधार तथा मापदण्ड निम्नलिखित रहेका छन् ।

**<u>कृषि क्षेत्र देहाय बमोजिम प्रयोग भएका जग्गालाई कृषि क्षेत्रमा वर्गीकरण गरिनेछ ।</u>**

क) अन्नबाली, दलहन, तेलहन वा अन्य नगदे वाली लगायत खेतीपातीको लागि उपयोग भइरहेको जग्गा ।

ख) फलफूलका बगैँचा वा नर्सरी, तरकारी, सागपात, व्यावसायिक फूलको खेती, सोको नर्सरी लगायतको जग्गा ।पशुपक्षी पालन वा पशुपक्षीको आहाराको लागि प्रयोग हुने दाना, घाँस वा वनस्पति उत्पादन लगायतको लागि उपयोग भएको जग्गा ।

ग) सरकारी र सार्वजनिक वन क्षेत्र बाहेकका आबादी क्षेत्रभित्र भएका खर बारी, घाँसे मैदान, चरन क्षेत्र तथा रुख वा झाडी भएका जग्गा ।

घ) निजी जग्गामा वन पैदावार वा जडीबुटी उत्पादन गर्ने उद्देश्यले हुर्काएका वनस्पति वा जडीबुटी भएको जग्गा ।

ङ) निजी वा सरकारी जग्गामा पोखरी बनाई माछा पालन गरिएको जग्गा ।

च) कृषि उत्पादन भण्डारण तथा प्रशोधन गर्नका लागि प्रयोग भएको घर-टहरा भएको जग्गा।

छ) खनजोत गरी खेती लगाउन तयार गरिएको जग्गा वा खेती लगाउन उपयुक्त हुन सकिने आबाद लायक पर्ती वा बाँझो जग्गा ।

ज) अन्य प्रयोग क्षेत्र सँग जोडिएका भएता पनि कित्ताको क्षेत्रफल पाँच हजार वर्ग मिटर (करिब १० रोपनी) भन्दा बढी भई खेती गरिएको वा पर्ती बाँझा जग्गा ।

झ) एकै स्थानमा विभिन्न कित्ताहरू जोडिएर एक हेक्टर वा सो भन्दा बढी क्षेत्रफलमा खेती गरिएका वा खनजोत गरिएका पर्ती वा बाँझो खेतीयोग्य जग्गा ।

**<u>आवासीय  क्षेत्र  देहाय बमोजिम प्रयोग भएका जग्गा लाई आवासीय क्षेत्रमा वर्गीकरण  गरिनेछ ।</u>**

क) कृषि उपजको रेखदेख, भण्डारण तथा प्रशोधन, पशुपालन उद्योग कलकारखाना सञ्चालन बाहेक नागरिक आवासको रूपमा प्रयोग भएका भवन घर, टहरा भएका जग्गा ।

ख) व्यक्तिगत घर र सोसँग जोडिएका बगैँचा, ग्यारेज, आँगन, र सो प्रयोजनको लागि प्रयोग हुने व्यक्तिगत बाटो आदि रहेको जग्गा ।

ग) एक भन्दा धैरै घरपरिवार बस्ने विकसित अपार्टमेन्ट र यस प्रयोजनका लागि छुटाइएका बाटो सामूहिक पार्किङ स्थल, बगैँचा, चौर, मनोरञ्जन स्थल रहेको जग्गा ।

घ) ग्रामीण क्षेत्रमा बनेका घर, आँगन, चौक, घरसँगै रहेको गोठ, चर्पी, करेसाबारी, बगैँचा लगायतको जग्गा ।

ङ) बसोबासका लागि आवश्यक आधारभूत भौतिक पूर्वाधार, सडक, विद्‌युत्, खानेपानी वा ढल निकास लगायतको व्यवस्था भएका क्षेत्रमा रहेका एक हजार वर्ग मिटर भन्दा साना कित्तामा रहेका जग्गा ।

च) बसोबास क्षेत्रमा उपयोग गर्न आवश्यक न्यूनतम पूर्वाधारका विकास भएको कित्ता जग्गा रहेका ठाउँबाट एक सय मिटरको अर्ध व्यास क्षेत्रमा एक सय पचास एकात्मक परिवार आवास इकाई वा दश भन्दा बढी संयुक्त परिवार आवास इकाई भएका जग्गा ।

**<u>व्यावसायिक क्षेत्र देहाय बमोजिम प्रयोग भएको जग्गालाई व्यवसायिक क्षेत्रमा वर्गीकरण गरिने छ ।</u>**

क) सामूहिक रूपमा वस्तुका खरिद बिक्री हुने स्थल वा त्यस प्रयोजनको लागि छुटाइएका जग्गा।

ख) विभिन्न किसिमका व्यावसायिक र मनोरञ्जन स्थल रहेको क्षेत्र तथा सो प्रयोजनका लागि उपयोग भएका घर वा सो प्रयोजनका लागि छुटाइएका जग्गा ।

ग) निजी क्षेत्रबाट सञ्चालन गरिएका शिक्षा, स्वास्थ्य, सञ्चार लगायत सेवा उपलब्ध गराउने स्थल वा सोको लागि प्रयोग भएका घर र घरले ओगटेको जग्गा ।

घ) कुनै वस्तु तथा यन्त्रको मर्मत सम्भार वा सफा गरिने स्थल वा भण्डारण गरिने स्थल वा सो प्रयोजनका लागि प्रयोग भएका घर र घरले ओगटेको जग्गा ।

ङ) कुनै व्यावसायिक क्रियाकलाप सञ्चालन नभए तापनि सोको पूर्वाधार समेत उपलब्ध भएको। सो घर वा जग्गा रहेको स्थानबाट एक सय मिटरको अर्ध व्यासमा करिब पचास व्यावसायिक कारोबार रहेका स्थल, सोको लागि प्रयोग भएका घर र तिनले ओगटेको जग्गा।

च) सरकारी तथा निजी क्षेत्रले सेवा प्रदान गर्न स्थापना गरेको कार्यालय र त्यसले चर्चेका जग्गा वा भविष्यमा निर्माणका लागि छुटाइएका जग्गा ।

छ) पर्यटकीय गतिविधिमा उपयोग भइरहेको क्षेत्रले ओगटेको जग्गा ।

**<u>औद्‌योगिक क्षेत्र देहाय बमोजिम प्रयोग भएका जग्गा लाई औद्‌योगिक क्षेत्रमा वर्गीकरण गरिने छ ।</u>**

क) कच्चा पदार्थ उत्पादन गर्ने उद्योग वा वर्कसप रहेको स्थल, घर टहरा, तथा उद्योग सञ्चालनमा प्रयोग भएका जग्गा ।

ख) खाद्यान्न प्रशोधन, पेय पदार्थ उत्पादन तथा प्रशोधन स्थल तथा सो प्रयोजनका लागि छुटाइएका जग्गा ।

ग) मेसिनरी औजार, यन्त्र उपकरण, सवारी साधन निर्माण स्थल तथा सोको लागि छुटाइएका जग्गा ।

घ) कपडा तथा पोसाक उत्पादन स्थल, सजावट निर्माण सामाग्री, काठजन्य उद्योग लगायत सञ्चालनमा रहेको स्थल तथा सो प्रयोगको लागि छुटाइएका जग्गा ।

ङ) सजावट सामाग्री,निर्माण सामाग्री,काठजन्य उद्योग लगायत सञ्चालनमा रहेको स्थल तथा सो प्रयोजनको लागि छुटाइएको जग्गा ।

च) कुनै उद्योग सञ्चालन तथा रेखदेख गर्न आवश्यक घर टहरा तथा वर्कसपले ओगटेको जग्गा तथा कच्चा पदार्थ भण्डारण गर्न उपयोग गरिएको जग्गा ।

छ) उद्योगबाट उत्पादित फोहोर विसर्जन गर्ने प्रयोजनका लागि प्रयोग भएको जग्गा ।

ज) नेपाल सरकारले घोषणा गरेको औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र लगायत सो क्षेत्रले ओगटेको जग्गा ।

**खानी तथा खनिज क्षेत्र देहाय बमोजिम प्रयोग भएको जग्गालाई खानी तथा खनिज क्षेत्रमा वर्गीकरण गरिने छ ।**

क) जमिनका सतहमा (ढुङ्गा, गिट्टी, बालुवा समेत) वा जमिन मुनि (फलाम, जस्ता, तामा लगायतका) विभिन्न किसिमका खानी भएका क्षेत्र ।

ख) जमिन मुनि विभिन्न किसिमका खनिज पदार्थ (पेट्रोलियम पदार्थ, ग्याँस, सुन, चाँदी वा अन्य बहुमूल्य धातु) फेला परेको क्षेत्र ।

ग) खानी वा खनिज पदार्थ उत्खनन भइरहेको वा भइसकेको र हाल खाली रहेका वा फेला परेको क्षेत्र ।

**वन क्षेत्र देहाय बमोजिम प्रयोग भएका जग्गा लाई वन क्षेत्रमा वर्गीकरण गरिने छ ।**

क) पूर्ण वा आंशिक रूपमा रुख तथा वनस्पतिले ढाकिएको जग्गा ।

ख) सरकारी, सामुदायिक, कबुलियत, धार्मिक लगायत सबै प्रकारका वन जङ्गल भएको जग्गा ।

ग) रुख तथा वनस्पति वृक्षारोपण गरिएको सरकारी वा सार्वजनिक जग्गा ।

घ) रुख तथा वनस्पति नभएको भए तापनि अन्य प्रयोजनका रूपमा वर्गीकरण नभएका झाडी, बुट्यान आदि भएका जग्गा ।

ङ) प्राकृतिक चरन, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, मध्यवर्ती क्षेत्र तथा संरक्षित क्षेत्र रहेको जग्गा ।

च) पानीको मुहानलाई संरक्षण गर्न हुर्काइएका वा जोगाइएका रुख तथा वनस्पतिले ढाकेका सरकारी वा सार्वजनिक जग्गा ।

छ) नदी उकासबाट प्राप्त गरी निजी जग्गा बाहेकका वन क्षेत्रका लागि तोकिएका जग्गा ।

ज) प्रचलित वन सम्बन्धी कानुन बमोजिम वन क्षेत्र भित्रको जग्गा ।

**खोला, नदी, ताल, सिमसार क्षेत्र देहाय बमोजिम प्रयोग भएको जग्गा लाई खोला, नदी, ताल, सिमसार क्षेत्रमा वर्गीकरण गरिनेछ ।**

क) नदी, खोला, तथा सोका जलप्रवाहका क्षेत्र, किनारा डिल र बगर क्षेत्र समेत ।

ख) नहर तथा सोको डिल ।

ग) प्राकृतिक ताल, पोखरी तथा सोका डिल ।

घ) साबिकको नदी वा खोला बगेको र हाल नदी, खोला उकास भई बगर वा ढुङ्ग्यान कायम भएको क्षेत्र ।

ङ) बग्ने पानी नभए पनि पानी जमेको वा जम्ने सम्भावना भएको सिमसार वा रामसार क्षेत्र ।

**सार्वजनिक उपयोगका क्षेत्र देहाय बमोजिम प्रयोग भएको जग्गालाई सार्वजनिक उपयोगका क्षेत्रमा वर्गीकरण गरिनेछ ।**

क) विभिन्न किसिमका यातायात पूर्वाधार (जस्तै बन्दरगाह, बसपार्क, कार पार्क, सडक पेटी, सडक, बाटा रेल्वे, पुल, विमानस्थल समेत) सार्वजनिक रूपमा उपयोग हुने क्षेत्रले ओगटेको जग्गा ।

ख) सहरी क्षेत्रका खुला हरित क्षेत्र, बगैँचा, पार्क, चिडियाखाना, पिकनिक स्पट, खेल पूर्वाधार तथा मैदान लगायत रहेको सार्वजनिक स्थल ।

ग) सार्वजनिक आवागमन हुने प्राकृतिक वा मानव निर्मित सम्पदा वा पूर्वाधार रहेको स्थल र सोले ओगटेको जग्गा ।

घ) सार्वजनिक रूपमा उपयोग हुने मनोरञ्जन स्थल, चौर, फाँट, चौतारा, टुँडिखेल, हाटबजार लाग्ने स्थान, अन्त्येष्टि स्थल, फोहोर व्यवस्थापन स्थल लगायत सो ले चर्चेको जग्गा ।

ङ) सरकारी, सार्वजनिक र सामुदायिक विद्यालय, विश्वविद्यालय लगायत शिक्षण संस्थाले चर्चेका जग्गा ।

**सांस्कृतिक तथा पुरातात्त्विक महत्वका क्षेत्र देहाय बमोजिम प्रयोग भएको जग्गा लाई सांस्कृतिक तथा पुरातात्त्विक महत्वको क्षेत्रमा वर्गीकरण गरिनेछ ।**

क) विभिन्न समुदायले धार्मिक, सांस्कृतिक, वा परम्परागत रूपमा पूजा, अर्चना वा उपासना गर्ने स्थल ।

ख) विश्व सम्पदा सूचीमा रहेका ऐतिहासिक, धार्मिक, सांस्कृतिक क्षेत्र ।

ग) विभिन्न ऐतिहासिक दरबार, भवन, किल्ला, गढी, स्तम्भ लगायतका ढाँचा, निर्माण वा अन्य स्थल ।

घ) नेपाल सरकारले पुरातात्त्विक महत्वको भनी परिभाषित गरेको वा संरक्षण गर्ने भनी तोकेका क्षेत्र ।

**नेपाल सरकारबाट आवश्यकता अनुसार तोकिएका अन्य क्षेत्र देहाय बमोजिम प्रयोग भएका जग्गा लाई अन्य क्षेत्रमा वर्गीकरण गरिनेछ ।**

क) खण्ड (१) देखि (९) सम्म उल्लिखित क्षेत्रभित्र नपर्ने विशिष्ट किसिमका भू-उपयोग क्षेत्र ।

ख) स्थानीय आवश्यकता अनुसार छुट्ट्याउनु पर्ने अन्य कुनै भू-उपयोग क्षेत्र ।

### १.४ भू-उपयोग अद्यावधिकको महत्त्व

भूमिको विशेषता र हाल प्रयोग भएको अवस्थाको आधारमा भूमिको वर्गीकरण र त्यसका समयसापेक्ष अद्यावधिक गर्दा समग्रमा भूमिको समुचित उपयोग गर्न मद्दत पुग्दछ । यस प्रकार भूमिको वर्गीकरण गरिनुको प्रमुख उद्देश्य भनेको कृषि भूमिको संरक्षण गर्दै खाद्य सुरक्षाको ग्यारेन्टी गर्नु तथा व्यवस्थित सहरीकरण गर्नु रहेको छ । यसको अलावा भू-उपयोग अद्यावधिक गरिसके पश्चात् सङ्घीय सरकारलाई सम्बन्धित विषयमा बजेट विनियोजन गर्न सहयोग पुग्नेछ । हाल विभिन्न तहको सरकार मार्फत कृषकहरूलाई आर्थिक सहयोग हुदै आइरहेको परिपेक्षमा यस भू-उपयोग वर्गीकरण र अद्यावधि गरिसके पश्चात् सरकारबाट प्राप्त हुने सहयोग अझ बढ्ने र थप कार्यक्रमहरू आउन सक्ने अनुमान गर्न सकिन्छ। अर्को तर्फ निश्चित आवासीय क्षेत्र तोकिदा आधारभूत भौतिक सुविधा जस्तै सडक, ढल, बिजुली, खानेपानी लगायतका सुविधा विकास गर्न निश्चित रूपमा सहयोग पुग्ने देखिन्छ ।

# परिच्छेद २: परिचय

## २.१ परिचय

नेपालको गण्डकी प्रदेश अन्तर्गत पर्ने एक हिमाली जिल्लाको रूपमा परिचित गोरखा जिल्लाको उत्तरी भेगमा अवस्थित चुमनुव्री गाउँपालिका धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पर्यटकीय हिसाबले एक महत्त्वपूर्ण स्थान हो सौन्दर्यताले भरिपूर्ण यस गाउँपालिका प्राकृतिक सम्पदाले सम्पन्न मात्र नभएर विभिन्न जातजाति, धार्मिक एकताको धरोहरका रूपमा समेत परिचित छ । २०७३ आषाढ २५ गते नेपाल सरकारले नयाँ स्थानीय प्रशासनिक संरचना लागू गरेको थियो, नयाँ स्थानीय प्रशासनिक संरचना कार्यान्वयनसँगै गाविसलाई नगरपालिका र गाउँपालिकाले विस्थापित गरेको छ । यो गाउँपालिका साविकका ७ वटा गाउँ विकास समितिहरू समागाउँ, ल्हो, प्रोक, विही, छेकम्पार, चुम्चेत र सिर्दिबास मिलेर बनेको छ। यसको सिमाना पूर्वमा: छिमेकी राष्ट्र चीन, पश्चिममा: मनाङ र लमजुङ जिल्लाहरु, दक्षिणमा: अजिरकोट, बारपाक-सुलिकोट र धार्चे गाउँपालिका र उत्तरमा : चीन रहेको छ। यसको क्षेत्रफल १६४८.६५ वर्ग किलोमिटर र जनसंख्या ५९३२ रहेको छ।

यस गाउँपालिकालाई ७ वटा वडामा विभाजन गरिएको छ । यस गाउँपालिकाको उचाइ समुन्द्र सतहबाट १२३९-८१६३ मिटर उचाइ रहेको छ । विकासको हिसाबले विकासोन्मुख अवस्थामा यो गाउँपालिका रहेको छ । गाउँपालिकाको कुल जनसङ्ख्या घरधुरी सर्वेक्षण २०८१ सालमा सङ्कलित तथ्याङ्क अनुसार ६५०८ जनसङ्ख्या छ जसमा पुरुषको सङ्ख्या ३०९० जना र महिलाको सङ्ख्या ३४१८ जना, लैङ्गिक अनुपात ९०.४०, जनघनत्व ३.९५८ जना प्रति वर्ग कि मी, औसत परिवार सङ्ख्या 3.६१, घरधुरी सङ्ख्या १८०२, साक्षरता दर ६२.६६%, (जसमा महिला ५४.८१% र पुरुष ७१.५०%) साथै अपाङ्गता भएका व्यक्ति: १.७२% (महिला: १.३८% र पुरुष: २.१०%) रहेको यो गाउँपालिका भित्र विभिन्न जातजातिहरूको बसोबास रहेको छ । कुल जमिनको १३.८५ प्रतिशत अर्थात् २२८.३३ क्षेत्रफल (वर्ग कि.मि) भूभाग वन जंगलले ढाकेको यस गाउँपालिका भित्र प्रशस्त मात्रामा खोलानाला तथा हिमाल रहेका छन् ।

मुख्यतया चुम्वा, नुब्री, तामाङ र गुरुङ जातिको बाहुल्यता रहेको यस गाउँपालिकामा ब्राह्मण-पहाड, घले, विश्वकर्मा, क्षेत्री, ठकुरीको बसोबास रहेको छ भने केही सङ्ख्यामा अन्य जातिको पनि बसोबास रहेको छ। बौद्ध, हिन्दु, इसाई तथा अल्पसङ्ख्यक अन्य धर्मावलम्वीहरू रहेका छन् ।

## २.२ भौगोलिक अवस्थिती

यस गाउँपालिकाको क्षेत्रफल १६४८.६५ वर्ग किलोमिटर रहेका छ। यस गाउँपालिकाको सिमाना निम्नलिखित राष्ट्र, जिल्ला, तथा गाउँपालिकासँग जोडिएको छः

- पूर्व र उत्तरमा छिमेकी राष्ट्र चीन
- पश्चिममा मनाङ र लमजुङ जिल्लाहरु
- दक्षिणमा अजिरकोट, बारपाक-सुलिकोट र धार्चे गाउँपालिकाहरु

### २.२.१ अवस्थिति

- अक्षांसः २८ डिग्री ३३ मिनेट देखि २८ डिग्री ७५ मिनेट उत्तरी अक्षांस सम्म फैलिएको छ।
- देशान्तरः ८४ डिग्री ४८ मिनेट देखि ८५ डिग्री १९ मिनेट पूर्वी देशान्तर सम्म फैलिएको छ।


### २. ३ जातजाती

चुमनुव्री गाउँपालिकामा ६ भन्दा बढी प्रकारका जातजातिका मानिसहरूको बसोबास रहेको छ । तथ्याङ्क अनुसार यहाँ बसोबास गर्ने प्रमुख जातिहरूमा चुम्वा/नुव्री, तामाङ, गुरुङ, घले, विश्वकर्मा, क्षेत्री, ठकुरी र अन्य छन् । तलको तालिकामा जातजाति सम्बन्धी विवरणलाई प्रतिशतमा देखाइएको छ।

*तालिका नं. 1 : जातजातिका आधारमा जनसङ्ख्या विवरण (प्रतिशत)*

| **जात/जाति** | **प्रतिशत** |
|---|---|
| चुम्वा/नुव्री | ५८.६२% |
| गुरुङ | ३७.९८% |
| घले | १.६०% |
| तामाङ | ०.५७% |
| विश्वकर्मा | ०.४८% |
| क्षेत्री | ०.४५% |
| अन्य | 0.३१% |
| **जम्मा** | **100%** |

*श्रोत : घरधुरी सर्वेक्षण, २०८२*




*चित्र 1. जात/जाति सम्बन्धी विवरण*

## २.४ वन र जैविक विविधता

चुमनुव्री गाउँपालिकामा २२८.३३ वर्ग कि.मि (१३.८५ प्रतिशत) वन क्षेत्रले ओगटेको छ। यस गाउँपालिकामा सरकारी, आरक्षित र धार्मिक वन छैन। यस गाउँपालिकाको ७ वटा नै वडामा सामुदायिक, निजी, कबुलियत र सरकारी वन रहेको छ । प्रत्येक वडामा चरनका लागि घाँसे मैदान रहेको छ । वन उपभोक्ता समूह भित्रका घरपरिवारले घुमाउरो आधारमा सामुदायिक वन अनुगमन गर्ने व्यवस्थापन गर्ने चलन रहेको छ । यस गाउँपालिकामा वनको घनत्व बढेको छ र सो वनको स्रो तबाट स्थानीयको जीविको पार्जन लाभान्वित भएका छन् । यहाँका प्रमुख वन्यजन्तुमा बाँदर,स्याल, दुम्सी, लोखर्के, वन बिरालो, मृग, सालक, घोरल, चित्तल, भालु, हाब्रे रहेका छन् भने चराचुरुङ्गीअन्तर्गत ढुकुर, जुरेली, ढ्याप्सी, परेवा, मलेवा, कोकले, ठ्यौआ, सारौ, भँगेरा, काग, कोइली, चिल, बकुल्ला, बट्टाइ, चिवे, कल्चौंडा, पातिफिस्टो, लाटोकोसेरो, कालिज, तित्रा प्रमुख रहेका छन् । वन क्षेत्रले ग्रामीण जीवनमा दैनिक आवश्यक पर्ने घाँस दाउराका अतिरिक्त वर्षाको पानीले निम्त्याउन सक्ने भूक्षयको नियन्त्रण गरिरहेको छ । वन क्षेत्रको हरियाली, स्वच्छता तथा जैविक विविधतायुक्त यहाँका सुन्दर क्षेत्रहरूमा पर्यापर्यटनको विकास गर्न सकिने

सम्भावना रहेको छ । जडीबुटी, फलफूल, रेसालगायत अन्य गैर काष्ठ वन पैदावारको उत्पादन वृद्धि गरी आयआर्जनका अवसर वृद्धि गर्न सकिने सम्भावना रहेको छ ।

जैविक विविधता भन्नाले अन्य कुराहरू सहित, स्थलमय, सामुद्रिक र अन्य जलीय पारिस्थितिक प्रणालीहरू र तिनीहरूका भाग भएका पारिस्थितिक परिसरहरू लगायत सबै स्रोतहरूबाट जीवित जीवहरू बिचको परिवर्तनशीलता यसमा प्रजातिहरू, प्रजातिहरू र इकोसिस्टमहरू बिचको विविधता समावेश छ।प्रत्येक वडामा चरनका लागि घाँसे मैदान रहेको छ । वन उपभोक्ता समूह भित्रका घरपरिवारले घुमाउरो आधारमा सामुदायिक वन अनुगमन गर्ने व्यवस्थापन गर्ने चलन रहेको छ । यस नगरपालिकामा वर्तमान भू-उपयोग भन्दा अद्यावधिक (सम्भावित) भू-उपयोग क्षेत्रमा वनको क्षेत्रफल बढेको छ र सो वनको स्रोतबाट स्थानीयको जीविको पार्जन लाभान्वित भएका छन् ।

### २.५ वातावरण

चुमनुव्री गाउँपालिकाको भिन्न हावापानी र भिन्न भौगोलिक बनावट १२३९-८१६३ मिटर उचाइ रहेको छ । हिमाली क्षेत्र भएका कारण यस गाउँपालिकाको अधिकांश जग्गा भिरालो छ ।बाढी, पहिरो र आगलागी विगतमा गाउँपालिकालाई असर गर्ने प्रमुख विपद् हुन् । यस क्षेत्रमा भूमि सर्ने प्रमुख कारकहरू कमजोर भूवैज्ञानिक अवस्था, लामो र उच्च तीव्रता वर्षा, र विभिन्न एन्थ्रोपोजेनिक कारकहरू हुन् ।

साथै, वन विनाशले गर्दा पनि वातावरणमा नकारात्मक असर पर्दछ । जसले सतहको आवरण हटाउँछ जसले माटोको क्षरण बढाउँछ । उपस्थिति असंख्य गल्लीहरू र परिणाम स्वरूप क्षरणले ब्याडल्याण्ड टोपोग्राफीको गठनलाई जन्म दिन्छ । यो मुख्यतया चुमनुव्री गाउँपालिकाको दक्षिण मुखी पहाडी भेगमा हुने गरेको छ । सतहको क्षय, पहिरो, हिमपहिरो र नदी किनारको माथिल्लो भागमा कटानबाट निस्कने फोहोर नदीहरू तल तिर ढुवानी गरिन्छ र मुख्य रूपमा पुन जम्मा गरिन्छ ।अग्लो पहाडी भेगमा जोडिएका ढुङ्गाका कारण पहिरो खस्न थालेको छ, पानीको बहाव बढेको छ । चुमनुव्री गाउँपालिकाको अधिकांश ग्रामीण सडक पानी निकासलाई अनुमति दिन उचित पर्खाल र ढलान ढाँचा बिना निर्माण गरिएको छ । यी अनुचित सडक निर्माणले धेरै पहिरो निम्त्याएको छ र योगदान पुऱ्याएको छ । पहाडी क्षेत्रमा नदी कटान सबैभन्दा गम्भीर समस्या बनेको छ ।

### २.६ जनसङ्ख्या वितरण र घनत्व

घरधुरी सर्वेक्षण २०८१ सालमा सङ्कलित तथ्याङ्क अनुसार चुमनुव्री गाउँपालिकाको कुल जनसङ्ख्या ६५०८ रहेको छ भने घरधुरी १८०२ रहेको छ । महिलाको सङ्ख्या पुरुष जनसङ्ख्या भन्दा बढी छ ।

महिलाको कुल जनसङ्ख्या ३४१८ र पुरुषहरू जनसङ्ख्या ३०९० रहेको छ । यस गाउँपालिकाको सबै वडा मध्ये वडा नं. ३ को सबै भन्दा बढी जनसङ्ख्या २८०९ (पुरुष १३९७ र महिला १४१२) रहेको छ। त्यसै सबै भन्दा कम जनसङ्ख्या वडा नं. १ को ४४५ (पुरुष १८६ र महिला २५९) रहेको छ।

*तालिका नं. 2 : चुमनुव्री गाउँपालिकाको घरधुरी,जनसङ्ख्या,औषत परिवार सङ्ख्या तथा जनघनत्व वितरण*

| वडा | जम्मा घरधुरी | जम्मा जनसङ्ख्या | पुरुष | महिला | औषत परिवार संख्या | लैङ्गिक अनुपात | क्षेत्रफल | जनघनत्व (प्रति वर्ग कि.मी.) |
|---|---|---|---|---|---|---|---|---|
| 1 | १७५ | ४४५ | १८६ | २५९ | २.५४ | ७१.८१ | ३४२ | १.३० |
| 2 | १८८ | ५०४ | २३७ | २६७ | २.६८ | ८८.७६ | २०० | २.५२ |
| 3 | ६४५ | २८०९ | १३९७ | १४१२ | ४.३६ | 9८.९4 | २५८ | १०.८९ |
| 4 | १६९ | ४४७ | १७९ | २६८ | २.६४ | ६६.७९ | २०४ | २.१९ |
| ५ | १७० | ४६४ | १७८ | २८६ | २.७३ | ६२.२४ | 12१ | ३.८३ |
| ६ | २११ | ८३६ | ४७५ | ३६१ | 3.९६ | १३१.५८ | 207 | ४.०४ |
| ७ | २४४ | १००३ | ४३८ | ५६५ | ४.११ | ७७.५२ | ३१७ | 3.1६ |
| **जम्मा** | **१८०२** | **६५०८** | **३०९०** | **३४१८** | **3.६१** | **९०.४०** | **१६४९** | **3.९५** |

*श्रोत : घरधुरी सर्वेक्षण २०८१*




*तालिका नं. 3 : उमेर अनुसार जनसङ्ख्या विवरण*

| उमेर समूह | पुरुष | महिला | जम्मा जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|
| ००-०४ वर्ष | ३६७ | ३४९ | ७१६ | ११.०१ |
| ०५-०९ वर्ष | २७८ | २६६ | ५४४ | ८.३६ |
| १०-१४ वर्ष | १३४ | १८४ | ३१८ | ४.८९ |
| १५-१९ वर्ष | १७३ | १९६ | ३६९ | ५.६६ |
| २०-२४ वर्ष | २१८ | २४२ | ४६० | ७.०६ |
| २५-२९ वर्ष | २५४ | २५६ | ५१० | ७.८४ |
| ३०-३४ वर्ष | २५३ | २६४ | ५१७ | ७.९४ |
| ३५-३९ वर्ष | २०० | २५७ | ४५७ | ७.०३ |
| ४०-४४ वर्ष | २३७ | २४९ | ४८६ | ७.४७ |
| ४५-४९ वर्ष | १९१ | २१८ | ४०९ | ६.२९ |
| ५०-५४ वर्ष | १९6 | २२९ | ४२५ | ६.५२ |
| ५५-५९ वर्ष | १४० | १८४ | ३२४ | ४.९७ |
| ६०-६४ वर्ष | १६४ | १८५ | 3४९ | 5.36 |
| ६५-६९ वर्ष | १०३ | १११ | २१४ | ३.२९ |
| ७०-७४ वर्ष | १११ | ११३ | 2२४ | ३.४४ |
| ७५-७९ वर्ष | ४१ | ७५ | 1१६ | १.७९ |

| उमेर समूह | पुरुष | महिला | जम्मा जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|
| ८०-८४ वर्ष | २१ | २2 | ४३ | ०.६६ |
| ८५-८९ वर्ष | ६ | १४ | २० | ०.३० |
| ९०-९४ वर्ष | 2 | 2 | ४ | ०.०७ |
| ९५+ वर्ष | 1 | २ | ३ | ०.०५ |
| **जम्मा** | **३०९०** | **३४१८** | **६५०८** | **१००** |

*श्रोत: घरधुरी सर्वेक्षण २०८१*


## २.७ साक्षरता स्थिति

शिक्षा सामाजिक हैसियतको एक महत्त्वपूर्ण सूचक मात्र होइन सामाजिक विकास आधार पनि हो । तसर्थ, कुनै पनि क्षेत्रको साक्षरता स्थितिको मूल्याङ्कनले सामाजिक क्षेत्रको ठोस प्रतिबिम्ब उपलब्ध गराउँछ । यहाँ, सरल अंक गणितीय गणना प्रदर्शन गर्न र साक्षरतालाई बुझेर पढ्ने र लेख्ने क्षमताको रूपमा परिभाषित गरिएको छ । घरधुरी सर्वेक्षण २०८१ अनुसार गाउँपालिकाको साक्षरता दर ६२.६६% रहेको छ । चुमनुव्री गाँउपालिकाको साक्षरता सम्बन्धी विवरण हेर्दा यहाँको कुल जनसङ्ख्या मध्ये ३७.३४% निरक्षर रहेका छन्, जसमा महिलाको निरक्षता दर ४५.१९% र पुरुषको २८.५०% छ । शिक्षा पहुँचमा लिङ्गीय असमानता सामाजिक-आर्थिक विकासका लागि चुनौतीपूर्ण पक्ष हो ।

*तालिका नं. 4 : साक्षरता विवरण सम्बन्धी विवरण*

| साक्षरता | पुरुष | महिला | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|
| साक्षर | १९४७ | १६८२ | ३६२९ | ६२.६६% |
| निरक्षर | ७७६ | 1३८७ | २१६३ | ३७.३४% |
| **जम्मा जनसङ्ख्या** | **२७२३** | **३०६९** | **५७९२** | **1००%** |
| 5 वर्ष भन्दा कम उमेर समूह | ३६७ | ३४९ | ७१६ | ११.०१% |
| **जम्मा जनसङ्ख्या** | **३०९०** | **३४१८** | **६५०8** | |

*श्रोत: घरधुरी सर्वेक्षण, २०८१*




*चित्र 3. साक्षरता सम्बन्धी विवरण*

# परिच्छेद ३: वर्तमान भू-उपयोग अवस्था


भू-उपयोग ऐन, २०७६ अनुसार, यस चुमनुव्री गाउँपालिकामा भू-उपयोगको वर्तमान अवस्था हेर्दा समग्र गाउँपालिकालाई ९ वटा भू-उपयोग क्षेत्रमा वर्गीकरण गरिएको छ । विस्तृत रूपमा वर्तमान भू-उपयोग को अवस्थालाई निम्नलिखित तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका नं. 5 : वर्तमान भूउपयोगको प्रकार, त्यसले ओगटेको क्षेत्रफल (वर्ग मि) र प्रतिशत*

| क्र सं. | वर्तमान भू-उपयोग | क्षेत्रफ़ल (वर्ग .मि) | प्रतिशत |
|---|---|---|---|
| 1 | कृषि | २५५७०५९५.९३ | १.५५१% |
| 2 | व्यापारिक | १७०७३.४ | ०.००१% |
| 3 | सांस्कृतिक र पुरातात्विक | १०८१५०.९२६ | ०.००७% |
| 4 | जङ्गल | २२८३२९२९० | १३.८४९% |
| 5 | औद्योगिक | ३९४.२९३ | ०.००००२% |
| 6 | अन्य | ५१८३२६०५२.८ | ३१.४३९४% |
| 7 | सार्वजनिक प्रयोग | ५४४९४७०२६.४ | ३३.०५४१% |
| 8 | आवासीय | ९८२७५५.७७७२ | ०.०५९६% |
| 9 | नदी, ताल क्षेत्र | ३३०३६९२२२.३ | २०.०३८८% |
| **कूल जम्मा** | | **१६४८६५०५६२** | **100%** |

*स्रोत: नापी विभाग, २०७८*

चुमनुव्री गाउँपालिकाले कुल लगभग १६४८.६५०६ वर्ग किलोमिटर ओगटेको छ । यस गाउँपालिकामा भू-उपयोग क्षेत्रहरु मध्ये सार्वजनिक प्रयोग प्रमुख भू-उपयोग क्षेत्र रहेको छ जसको क्षेत्रफल ५४४.९४७ वर्ग कि.मि. रहेको छ जुन कुल क्षेत्रफलको ३३.०५४%, रहेको छ। त्यसै गरी नदी र ताल क्षेत्रले ३३०.३६९ वर्ग कि.मि.: २०.०३९%, वन-जङ्गल क्षेत्र ले २२८.३२९ वर्ग कि.मि.; १३.८४९%, कृषि क्षेत्रले २५.५७१ वर्ग कि.मि.; 1.५५१%, आवासीय क्षेत्रले ०.९८३ वर्ग कि.मि.; ०.०५९%, सांस्कृतिक र पुरातात्विक क्षेत्रले ०.१०८ वर्ग कि.मि.; ०.००६%, व्यापारीक क्षेत्रले ०.०१७ वर्ग कि.मि.; ०.००१%, औद्योगिक क्षेत्रले ०.०००४ वर्ग कि.मि.; ०.००००२% समेटिएको छ । त्यसैगरी, अन्य भूमि प्रयोगमा ५१८.३२६ वर्ग कि.मि. रहेको छ जुन गाउँपालिकाको कुल क्षेत्रफलको 3१.४३९% रहेको छ ।




*चित्र 4. नापी विभागबाट प्राप्त भूउपयोग क्षेत्रको विवरण*

**३.१ आर्थिक स्थिति**

आर्थिक अवस्था सामाजिक विकास र स्थानीयको क्षेत्रीय र राष्ट्रिय अर्थ व्यवस्था मेरुदण्डको महत्वपूर्ण सूचक हो । कुनै पनि क्षेत्र वा समूहको आर्थिक स्थिति राम्रोसँग मूल्याङ्कन पेशा, आयस्रोत, रोजगारी, सम्पत्तिको स्वामित्वमा नजिकबाट अवलोकन गर्दै गर्न सकिन्छ ।

**३.१.१ कृषि अवस्था**

नेपालको संविधानले सबै नेपालीलाई खाद्यको अधिकार प्रत्याभूत गरेको छ । दिगो विकास लक्ष्यले सन् २०३० सम्ममा भोकमुक्त विश्व बनाउने लक्ष्य लिएको सन्दर्भमा संघीय सरकारले बि.सं. २०७७ भित्र खाद्यान्नमा आत्मनिर्भर हुने घोषणा गरेको एवम् पाँच वर्षभित्र कृषि उत्पादकत्व दोब्बर गर्ने प्रतिवद्वता जनाएको छ । हाल मुलुक कृषिको यान्त्रिकीकरण, आधुनिकीकरण र व्यवसायीकरण गर्ने उद्देश्यले १५ वर्षे कृषि विकास रणनीति कार्यान्वयनको चरणमा रहेको छ।

चुमनुव्री गाउँपालिकाको सम्बन्धमा, कृषि तथा पशुपक्षी, गैरसरकारी सेवा र पेन्सन, वैदेशिक रोजगार, वाणिज्य/उद्योग र श्रम प्रमुख पेसाहरू मानिन्छ । जनसङ्ख्याको ठुलो बहुमतले कृषिले बनाएको छ । गाउँपालिकामा कृषि क्षेत्रले २५.५७०६ क्षेत्रफल (वर्ग कि.मि), (१.५५१%) भूभाग ओगटेको छ ।

*तालिका नं. 6 : कृषि क्षेत्र सम्बन्धी विवरण*

| भूमि प्रयोग क्षेत्र | क्षेत्रफ़ल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|
| कृषि क्षेत्र | २५.५७०६ | १.५५१% |

*स्रोत : नापी विभाग, २०७८*

गाउँपालिकामा प्रमुख रुपमा धान, मकै, कोदो र गहुँ उत्पादन हुने गरेको भएतापनि उत्पादन प्रणाली निर्बाहमुखी नै देखिएको छ । यद्यपी धान पकेट क्षेत्र घोषणा भई धान उत्पादनमा वृद्धि भएको छ। आलु खेती भने व्यवसायिक रुपमा उत्पादन हुनाले यसले स्थानीय अर्थतन्त्रमा उल्लेखनीय योगदान दिने गरेको देखिएको छ। गाउँपालिकाको विभिन्न क्षेत्रमा तरकारी बाली, दलहन बाली, तेलहन बाली, नगदे वालीका साथै मसला बालीको समेत उत्पादन भईरहेको भएता पनि व्यवसायिक उत्पादनमा विशेष पहल गर्नु पर्ने देखिन्छ ।गाउँपालिकाको कूल जमीनको 88.838 क्षेत्रफ़ल (वर्ग कि.मि) जमीन खेतीयोग्य जमीन रहेको छ । गाउँपालिकामा ७९.९६ प्रतिशत घरपरिवार कृषि पेशामा आबद्व रहेको देखिन्छ । खाद्य सुरक्षातर्फ आफ्नै उत्पादनले वर्षैभरी खान पुग्ने परिवार ७० प्रतिशत रहेको छ । धानको औषत उत्पादन १.५ क्वीन्टल प्रति रोपनी हुने गरेको छ । वीउको सन्दर्भमा मकै, कोदो र गहुँको वीउ स्थानीस्तरमा नै उत्पादन भई प्रयोग हुने गरेको देखिन्छ । फलफूल (सुन्तला कागती तथा अमिला जातका फलफूल, केरा, नास्पती आदिको उत्पादन तथा विस्तारका लागि गाउँपालिकामा उपयुक्त हावापानी रहेको छ । आलु उत्पादनका लागि पकेटकै स्वरुपमा स्थानीय तथा वाह्य जातकै वीउ प्रयोग गरी उत्पादन भैरहेको छ । गाउँपालिकामा व्यवसायिक तथा अगुवा कृषक करीव १२० जना, सक्रिय कृषि कार्यकर्ता ३२ जना, ३ जना कृषि प्राविधिक क्रियाशील देखिन्छन् । खेती कार्यमा करिव २०० भन्दा वढी वटा हाते ट्रेम्टरको प्रयोग भैरहेको, व्यवसायिक कृषि फर्म करीव ३१० वटा रहेको, ५वटा कृषि सहकारीहरू रहेको, करीव ४० मे.ट. आलु भण्डारण गर्ने २ वटा भण्डारगृह संचालनमा रहेको छ । उद्यमशिलता र व्यवसायिकतातर्फ कृषकहरूको संलग्नता बढिरहेको सन्दर्भमा आवश्यक मानव संशाधन एवं बजार पूर्वाधारको विकास तथा बजार संजाल निर्माण गर्ने जस्ता कार्य गर्ने सकिने संभावना रहेको देखिन्छ । चुमनुव्री गाउँपालिकामा पनि चामल, दाल, चिनी, तले नुन आलु, खुर्सानी जस्ता कृषिजन्य वस्तुका अलावा अधिकांश फलफूलजन्य वस्तुको पनि आयात भएको देखिन्छ तर गाउँपालिकाबाट अन्यत्र निर्यात हुने कृषिजन्य उत्पादनको हिस्सा नगन्य छ । अरु नगरपालिका, जिल्ला वा तराईबाट हुने आयातले नगरपालिकाको लगभग ६० प्रतिशत माग धानेको छ । आँप, केरा, सुन्तला, अङ्गुर, स्याउ, अनार आदि गोरखाबाट आयात हुने मुख्य फलफूल हुन । कृषिजन्य उत्पादन

जस्तै पशुपालन पनि नगरपालिकाको प्रमुख आय आर्जनको स्रोत हुन । उन्नत जातका भैँसी, गाई, बाख्रा, कुखुरा, मौरी पालन गरेको देखिन्छ ।

धान, गहुँ, मकै, कोदो, जौ गाउँपालिकामा उत्पादन हुने मुख्य अन्नबाली हुन् । अन्य दालहरू जस्तै कालो चना, मास पनि उत्पादन गरिन्छ । तोरी र आलु बालीलाई उच्च मूल्यको बाली मानिन्छ र यसमा गाउँपालिकाका किसानको आम्दानी महत्वपूर्ण योगदान छ । आलु र मौसमी र बेमौसमी तरकारीको प्रजातिहरु उत्पादन गरिन्छ । त्यसैगरी सुन्तला, अखरोट र आरुका प्रमुख फलहरू पनि यसमा उत्पादन गरिन्छ ।

### ३.१.२ सांस्कृतिक र पुरातात्विक क्षेत्र

पर्यटन यहाँको अर्थतन्त्रको मुख्य आधार रहेको छ । सांस्कृतिक विविधता यहाँको पर्यटनको मुख्य आधार हो । सांस्कृतिक विविधता र धरोहर समेत यस गाउँपालिकाको विशिष्ट पहिचानको रूपमा रहेको छ । गुरुङ, चुम्वा, नुव्री, तामाङ, क्षेत्री, दलित र घले जातीको बसोबास रहेको यस गाउँपालिकामा जनजातिहरूको बाहुल्य रहेको छ । अन्तरराष्ट्रिय स्तर मा नै प्रख्यात सेराङ्गी गुम्बा, मु गुम्बा, राजेन गुम्बा, गुम्बा लुङराङ, ल्हो गुम्बा, हिनाङ गुम्बा, स्याला गुम्बा लगायत विभिन्न गुम्बाहरू यहाँ रहेका छन् । यस गाउँपालिकामा ६४ वटा प्राचीन गुम्बा छन् । अति प्राचीन महत्वपूर्ण राजन गुम्बा, सेराङ गुम्बा समेत यस पालिका भित्र रहेका छन् । यहाँका मौलिक संस्कृति, कला र रीतिरिवाज पर्यटकीय आकर्षण र अनुसन्धानका लागि महत्वपूर्ण छनायो क्षेत्र प्राकृतिक र सांस्कृतिक सम्पदाको लागि "लुकेको खजाना" को रूपमा चिनिन्छ । २०७२ सालको भूकम्पले ४८ वटा गुम्बा, ऐतिहासिक १०८ जोड्छे धारा, नागपोखरी लगायत विभिन्न पर्यटन पूर्वाधार क्षतिग्रस्त भएकोमा पुनर्निर्माणको कार्य थालनी भएको छ । चुमनुव्री गाउँपालिकामा सांस्कृतिक र पुरातात्विक क्षेत्रले *०.१०८२* क्षेत्रफल (वर्ग कि.मि), (*०.००७*%) भूभाग ओगटेको छ ।

*तालिका नं. 7 : सांस्कृतिक र पुरातात्विक क्षेत्र सम्बन्धी विवरण*

| भूमि प्रयोग क्षेत्र | क्षेत्रफ़ल (वर्ग कि.मि) | प्रतिशत |
|---|---|---|
| सांस्कृतिक र पुरातात्विक क्षेत्र | ०.१०८१५ | ०.००७% |

*स्रोत : नापी विभाग, २०७८*

### ३.१.३ वन क्षेत्र कभरेज

चुमनुव्री गाउँपालिका अन्तर्गत कुल २२८.३२९३ (वर्ग कि.मि) क्षेत्रफल अर्थात (१३.८४९%) क्षेत्रफल वन रहेको सर्वेक्षणले देखाउँछ । गाउँपालिकाको जङ्गलमा विभिन्न प्रजातिका जनावर, चराचुरुङ्गी र

जडीबुटीहरू पनि पाइन्छ । बाघ, बनेल, कालिज, रतुवा, चाखुरो, खरायो रतुवा, चाखुरा, बनेल कालिज, मयुर, स्याल, बाँदर, मृग यहाँका मुख्य जीवजन्तु हुन भने सजेना, टडकुलले, खतमु, सस्ज मूल, बनखडी मुख्य जडीबुटी हुन् ।

*तालिका नं. 8 : कृषि क्षेत्र सम्बन्धी विवरण*

| भूमि प्रयोग क्षेत्र | क्षेत्रफ़ल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|
| वन-जङ्गल क्षेत्र | २२८.३२९३ | १३.८४९% |

*स्रोत : नापी विभाग, २०७८*

**३. १. ४ आवासीय क्षेत्र**

चुमनुव्री गाउँपालिकामा रहेको आवासीय क्षेत्रलाई घरहरूको एकाग्रता र फैलावटमा आधारित क्षेत्रफ़ल (वर्ग कि.मि) वर्गीकरण, र प्रतिशतमा वर्गीकृत गरिएको छ। चुमनुव्री गाउँपालिकाको क्षेत्रफल मध्ये ०.९८२८ वर्ग कि.मि क्षेत्रफ़ल (०.०५९६% ) आवासीय क्षेत्रको ओगटेको छ ।

*तालिका नं. 9 : आवासीय क्षेत्र सम्बन्धी विवरण*

| भूमि प्रयोग क्षेत्र | क्षेत्रफ़ल (वर्ग कि.मि) | प्रतिशत |
|---|---|---|
| आवासीय क्षेत्र | ०.९८२८ | ०.०५९६% |

*स्रोत: नापी विभाग, २०७८*

**३.१.५ व्यापारिक**

चुमनुव्री गाउँपालिकामा रहेको वाणिज्य क्षेत्रलाई (वर्ग कि.मि), वर्गीकरण, र प्रतिशतमा वर्गीकृत गरी चुमनुव्री गाउँपालिकाको क्षेत्रफलमध्येको ०.०१७१ वर्ग कि.मि क्षेत्रफ़ल (०.००१%) वाणिज्य क्षेत्रले ओगटेको छ ।

*तालिका नं. 10 : वाणिज्य क्षेत्र सम्बन्धी विवरण*

| भूमि प्रयोग क्षेत्र | क्षेत्रफ़ल (वर्ग कि.मि) | प्रतिशत |
|---|---|---|
| व्यापारिक क्षेत्र | ०.०१७०७ | 0.0०१% |

*स्रोत: नापी विभाग, २०७८*

**३. १. ६ सार्वजनिक सेवा क्षेत्र**

चुमनुव्री गाउँपालिकामा सार्वजनिक सेवा रूपमा वर्गीकृत संस्थाहरू यातायात पूर्वाधार, स्वास्थ्य सेवा, सुरक्षा सेवा, र शैक्षिक संस्थाहरू क्षेत्र हो । जहाँ सार्वजनिक सेवाले गाउपालिकाको क्षेत्रफ़लमध्ये ५४४.९४७ वर्ग कि.मि (३३.०५४१%) क्षेत्रफ़ल ओगटेको छ ।

*तालिका नं. 11 : सार्वजनिक प्रयोग क्षेत्र सम्बन्धी विवरण*

| **भूमि प्रयोग क्षेत्र** | **क्षेत्रफ़ल (वर्ग कि.मि.)** | **प्रतिशत** |
|---|---|---|
| सार्वजनिक प्रयोग क्षेत्र | ५४४.९४७ | ३३.०५४१% |

*स्रोत : नापी विभाग, २०७८*

### ३.१.७ नदी र ताल क्षेत्र

चुमनुव्री गाउँपालिकामा नदी, ताल र मार्स क्षेत्र वर्गीकरणमा गरिएको छ गाउँपालिकामा नदी, ताल र मार्स क्षेत्रको नदीहरूले ३३०.३६९२ क्षेत्रफ़ल (वर्ग कि.मि) र (२०.०३८८%) क्षेत्र ओगटेको छ।

*तालिका नं. 12 : नदी र ताल र मार्स क्षेत्र सम्बन्धी विवरण*

| **भूमि प्रयोग क्षेत्र** | **क्षेत्रफ़ल (वर्ग कि.मि)** | **प्रतिशत** |
|---|---|---|
| नदी र ताल क्षेत्र | ३३०.३६९२ | ३३.०५४१% |

*स्रोत : नापी विभाग, २०७८*

### ३.१.८ औद्योगिक क्षेत्र

चुमनुव्री गाउँपालिकामा उद्योग, कल-कारखानाहरुले गाउँपालिकाको क्षेत्रफलमध्ये ०.०००३९४ वर्ग कि.मि र (०.००००२%) क्षेत्रफ़ल ओगटेको छ ।

*तालिका नं. 13 : औद्योगिक क्षेत्र सम्बन्धी विवरण*

| **भूमि प्रयोग क्षेत्र** | **क्षेत्रफ़ल (वर्ग कि.मि)** | **प्रतिशत** |
|---|---|---|
| औद्योगिक क्षेत्र | ०.०००३९४ | ०.००००२% |

*स्रोत : नापी विभाग, २०७८*

### ३.१.९ अन्य क्षेत्र

चुमनुव्री गाउँपालिकाको क्षेत्रफलमध्ये ५१८.३२६१ वर्ग कि.मि र (३१.४३९४%) क्षेत्रफ़ल अन्य क्षेत्रले ओगटेको छ ।

*तालिका नं. 14 : कृषि क्षेत्र सम्बन्धी विवरण*

| **भूमि प्रयोग क्षेत्र** | **क्षेत्रफ़ल (वर्ग कि. मि.)** | **प्रतिशत** |
|---|---|---|
| अन्य क्षेत्र | ५१८.३२६१ | ३१.४३९४% |

*स्रोत : नापी विभाग, २०७८*

### ३.२ पूर्वाधार र सेवाहरू

यस अध्यायमा चुमनुव्री गाउँपालिकामा उपलब्ध पूर्वाधार र सेवाहरू समावेश छन् । मुख्य गाउँपालिका भित्र स्वास्थ्य सुविधा, शैक्षिक र वित्तीय जानकारी पूर्वाधार र सेवाहरू यातायात र सञ्चार, ऊर्जा छन् । गाउँपालिकामा प्रयोग गर्ने रडियो, टेलिभिजन, टेलिफोन, मोवाईसेट, कम्प्युटर, इमेल वा इन्टरनेट सूचना तथा सञ्चारका साधनको पहुँच हेर्दा सबै किसिमको सञ्चारका साधनहरूको प्रयोग भएको देखिन्छ ।

#### ३.२.१ सडक

गाउँपालिकालाई जगत देखि पानसिंग जाने “लापुबेसी लार्केपास” सडकले जोडेको छ ।उक्त कच्ची सडकको ८ किमी यस गाउँपालिका भित्र पर्दछ जसले २५०० जनसंख्या लाभान्वित छन् । मुख्य सडकबाट ग्रामीण क्षेत्रतर्फ जाने पैदल मार्गका ट्र्याकहरु पनि वनेका छन्। हाल गाउँपालिकाका सबै वडाहरूमा पैदलमार्गको ट्र्याक पुगेको छ जसमा मूख्य पदमार्ग चुम्भ्याली पदमार्ग (लोक्पा-गो, ३० किमी), छेकम्पार मुगुम्बा सडक (२५ किमी), ड्याङ बिहि शेराङगुम्बा (२२ किमी), भर्जम स्याला मुलबाटो (१५ किमी), रेन्जम-याच्र्यो-गुम्बा-खाङरिङ पैदल मार्ग (११ किमी), छेदाम्बो-बिदुर-क्राक (१० किमी) साथै अन्य पदमार्ग गरी १९५ किमी रहेका छन् । यसका साथै विभिन्न वडामा ५१ वटा पुल पुलेसाहरुले बस्तीबीच आवतजावतमा सुविधा प्रदान गरेका छन् ।

#### ३.२.२ स्वास्थ्य

नेपालको संविधानले निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई नागरिकको मौलिक हकका रूपमा लिई आधारभूत स्वास्थ्य सेवालाई स्थानीय तहको एकल अधिकार रूपमा व्यवस्था गरेको छ । चुमनुव्री गाउँपालिका क्षेत्रमा स्वास्थ्य संस्थाका वा इकाई का रूपमा चुमनुव्री गाउँपालिकाका सात वटा वडामा एक-एक वटा सहित ७ वटा स्वास्थ्य चौकी सञ्चालनमा रहेका छन् भने वडा नं. १ मा साम्दो सामुदायिक स्वास्थ्य ईकाइ, वडा नं. २ मा स्यो सामुदायिक स्वास्थ्य ईकाइ र ली सामुदायिक स्वास्थ्य ईकाइ, वडा नं. ३ मा जगत सामुदायिक स्वास्थ्य ईकाइ र न्याक सामुदायिक स्वास्थ्य ईकाइ, वडा नं. ४ मा प्रोक सामुदायिक स्वास्थ्य ईकाइ, वडा नं. ६ मा लोक्पा सामुदायिक स्वास्थ्य ईकाइ, चुम्लिङ सामुदायिक स्वास्थ्य ईकाइ र सिप्चेत सामुदायिक स्वास्थ्य ईकाइ तथा वडा नं. ७ मा लार सामुदायिक स्वास्थ्य ईकाइ र निलेछुले सामुदायिक स्वास्थ्य ईकाइ गरी जम्मा ११ सामुदायिक स्वास्थ्य ईकाइ रहेका छन् । यसरी गाउँपालिकाका १८ वटा स्वास्थ्य संस्थामा ३५ स्वास्थ्यकर्मी सेवारत छन् जबकी सबै स्वास्थ्य संस्थाका लागि कूल ६४ कर्मचारी आवश्यक रहेको देखिन्छ । गाउँपालिकाका स्वास्थ्य सेवा प्रदायक संस्थामा विद्यमान सेवा तथा सुविधाको अवस्था देहायको तालिकमा प्रस्तुत गरिएको

छ । सबै स्वास्थ्य संस्थामा प्रसूति सेवा, परिवार नियोजन सेवा, सुरक्षित मातृत्व सेवा, पोषण तथा परामर्श सेवा उपलब्ध रहेको छ । स्थानीय स्तरमा रहेका सबै स्वास्थ्य संस्था तथा इकाईले खोप सेवा, गर्भावस्था जाँच र प्रसूति सेवा प्रभावकारी रूपमा सञ्चालन गरेका छन् । स्वास्थ्य तथा पोषणको क्षेत्रमा जनचेतनामा वृद्धि हुँदै गएको देखिन्छ । कुल १८ वटा स्वास्थ्य संस्थाहरुमध्ये ४ वटामा प्रसूति सेवा, २ वटामा बर्थिङ सेन्टर र १ स्थानमा ल्याव सेवा रहेको छ। क्यान नेपाल, चाँया नेपाल लगायतका विभिन्न गैरसरकारी संस्थाहरु मार्फत स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य इकाईमा थप १४ जना स्वास्थ्यकर्मी र ७ जना सहयोगी कर्मचारीहरु रहेका छन् । त्यसैगरी १५ ओटा गाउँघर क्लिनिक, २३ ओटा खोप क्लिनिक र ६३ जना महिला स्वास्थ्य स्वयम् सेविका रहेका छन्। चुमनुव्री गाउँपालिकामा एक जना पनि विशेषज्ञ चिकित्सक वा मान्य चिकित्सक तथा नर्स कार्यरत छैनन् भने हे. अ. ९ जना, अ. हे. व. १६ जना, अ. न. मि. ७ जना र ल्याब टेक्निसीयन २ जनाले स्थानीयवासीको स्वास्थ्य सेवाको कार्यभार सम्हालिरहेका छन् ।

*तालिका नं. 15 : स्वास्थ्य सेवा प्रवाह सम्बन्धी विवरण*

| **स्वास्थ्य सेवा प्रवाह संस्थाहरू** | **सङ्ख्या** |
|---|---|
| सामुदायिक स्वास्थ्य इकाइ | ११ |
| स्वास्थ्य चौकी | ७ |
| गाउँघर क्लिनिक तथा खोप केन्द्र | १५ |
| स्वास्थ्य संस्थामा प्रसूति सेवा | छ |
| सुरक्षित मातृत्व सेवा | छ |
| परिवार नियोजन सेवा | छ |
| पोषण तथा परामर्श सेवा | छ |
| कार्यरत कर्मचारी | ३५ |
| स्वास्थ्य स्वयंसेविका | ६३ (महिला) |

*श्रोत : गा.पा वस्तुस्थिति विवरण २०८२*

### ३.२.३ पिउने पानी

निजी धारा, सार्वजनिक पाइपको पानी, खोला / नहर, कुवा र ढुङ्गे धारा यस क्षेत्रमा पिउने पानीका प्रमुख स्रोत हुन् । बहुसंख्यक (१५१५ घरधुरी) ले पिउनका लागि निजी धारा पाइपको पानी प्रयोग गर्छन् ।सार्वजनिक धारा २१२ घरधुरी, खोला १.००% र मूलको पानी २.५५% घरधुरीले प्रयोग गर्ने ३ घरधुरी रहेका छन् ।

*तालिका नं. 16 : पिउने पानीको मुख्य स्रोतको विवरण*

| पानीको श्रोत | घरधुरी सङ्ख्या | वडा नं. | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| अन्य | ११ | | ६ | ४ | | | | 1 |
| खोला/ बगेर आएको पानी | १८ | | ३ | 1 | 1 | ४ | ३ | ६ |
| सार्वजनिक धारा (कम्पाउण्ड बाहिर) | २१२ | १ | ५ | १26 | ३ | ३६ | १० | ३१ |
| निजि धारा (कम्पाउण्ड भित्र) | १५१५ | १७४ | १७० | ५१३ | १६५ | १३० | १८0 | १८३ |
| मुलको पानी | ४६ | | ४ | 1 | | | १८ | २३ |
| जम्मा | १८०२ | १७५ | १८८ | ६४५ | १६९ | १७० | २११ | २४४ |

*श्रोत : घरधुरी सर्वेक्षण, २०८१*

### ३.२.४ बिजुली र उर्जा

चुमनुव्री गाँउपालिकामा रहेका १८०२ घरधुरीहरू मध्ये अधिकतम सङ्ख्या १४३२ घरधुरीले बिजुलीको प्रयोग गरेको देखिन्छ भने २९२ घरधुरीले सौर्य ऊर्जा र बिद्युत, ६८ ले सौर्य उर्जा र ०.०६% मात्र घरधुरीले मट्टीतेल, बायो ग्यास र अन्य आदि प्रयोग गर्ने गरेको देखिन्छ ।

*तालिका नं. 17 : बत्ती बाल्ने इन्धनको प्रयोगका आधारमा घरधुरी विवरण*

| उज्यालोको लागि प्रयोग हुने इन्धनको प्रकार | घरधुरी सङ्ख्या | प्रतिशत |
|---|---|---|
| बिजुली | १४३२ | ७९.४७ |
| बिजुली र सोलार/ सौर्य उर्जा | २९२ | १६.२० |
| सोलार | ६८ | ३.७७ |
| बिजुली र मट्टीतेल | १ | ०.०६ |
| मट्टीतेल | १ | ०.०६ |
| अन्य | ८ | ०.४४ |
| **जम्मा** | **१८०२** | **10०.००** |

*श्रोत : घरधुरी सर्वेक्षण, २०८१*

### ३.२.५ सञ्चार

गाँउपालिकामाले प्रदान गर्ने सेवाहरू नेपाल टेलिकम, एनसेल र स्मार्ट अर्थात् सञ्चार सञ्जालसँग जोडिएको छ । त्यस्तै डिश होमले टेलिभिजन च्यानलहरू उपलब्ध गराएको छ। मानिसहरूले वाइफाइ र मोबाइल डेटा सेवाहरू मार्फत इन्टरनेट सेवा पनि प्रयोग गर्छन् ।

### ३.२.६ शैक्षिक संस्थाहरू

चुमनुव्री गाँउपालिकामा भएका शैक्षिक संस्थाहरु आधारभूत, माध्यमिक र निजी विद्यालयहरु र क्याम्पसलाई तलको तालिकामा देखिन्छ ।


*तालिका नं. 18 : शैक्षिक संस्थाहरूको विवरण*

| क्र सं. | शैक्षिक संस्थाहरूको नाम | वडा | किसिम |
|---|---|---|---|
| १ | गौरीशंङ्कर आधारभूत विद्यालय | १ | सामुदायिक |
| २ | ल्हो माध्यमिक विद्यालय | २ | सामुदायिक |
| ३ | बुद्ध माध्यमिक विद्यालय | ३ | सामुदायिक |
| ४ | श्रृङगा हिमाली आ.वि | ३ | सामुदायिक |
| ५ | फिलिम आधारभूत विद्यालय | ३ | सामुदायिक |
| ६ | सिदुङ आधारभूत विद्यालय | ३ | सामुदायिक |
| ७ | विकास आधारभूत विद्यालय | ३ | सामुदायिक |
| ८ | नुब्री आधारभूत विद्यालय | ४ | सामुदायिक |
| ९ | पाङसिङ आधारभूत विद्यालय | ३ | सामुदायिक |
| १० | बुद्ध आधारभूत विद्यालय | ७ | सामुदायिक |
| ११ | छेकम आधारभूत विद्यालय | ७ | सामुदायिक |
| १२ | छुलेनिले आधारभूत विद्यालय | ७ | सामुदायिक |
| १३ | प्रोक आधारभूत विद्यालय | ४ | सामुदायिक |
| १४ | सेराङगी माध्यमिक विद्यालय | ५ | सामुदायिक |
| १५ | सिप्चेत आधारभूत विद्यालय | ४ | सामुदायिक |
| १६ | चुमलिङ आधारभूत विद्यालय | ४ | सामुदायिक |
| १७ | सिद्ध गणेश आधारभूत विद्यालय | ४ | सामुदायिक |
| १८ | क्राक आधारभूत विद्यालय | ५ | सामुदायिक |
| १९ | आगाँ बाल-विकास केन्द्र | ३ | गाउँपालिका द्वारा सञ्चालित |
| २० | देवल बाल-विकास केन्द्र | ३ | गाउँपालिका द्वारा सञ्चालित |
| २१ | गुम्बा हिमाली आधारभूत विद्यालय | ५ | सामुदायिक |
| २२ | बौद्ध हिमाली आ. वि | ५ | सामुदायिक |
| २३ | साम्दो आधारभूत विद्यालय | १ | सामुदायिक |
| २४ | गण्डकी बाल-विकास केन्द्र | ३ | गाउँपालिका द्वारा सञ्चालित |

*श्रोत : गा.पा. बस्तुस्थिति विवरण २०८१ तथा सर्वेक्षण*

### ३.२.७ नदीनाला तथा तालपोखरी

यस गाउँपालिकामा जरुवा तथा स साना पानीका मूलहरू धैरै भए पनि ठुला श्रोतहरू त्यति धैरै छैनन्। बूढीगण्डकी नदीका दुई मुख्य सहायक नदी मध्ये पूर्व तर्फ गणेश हिमाल तथा आसपासका हिमाली क्षेत्रको पानीले बनाएको कथाङ खोला (नदी) तथा सो नदीको जलाधार क्षेत्रमा चुम्वा जातिको बसोबास रहेको र चुम्वा जातिको बसोबासकै कारण यो क्षेत्रमा अवस्थित सुन्दर उच्च पहाडी उपत्यका चुम भ्यालीका नामले राष्ट्रिय तथा अन्तरराष्ट्रिय जगतमा प्रख्यात छ । त्यसैगरी सहायक नदी मध्ये पश्चिम तर्फ मनासलु हिमाल तथा आसपासका हिमाली क्षेत्रको पानीले बनाएको स्यार खोला (नदी) तथा सो नदीको जलाधार क्षेत्रमा नुव्री जातिको बसोबास रहेको र नुव्री जातिको बसोबासकै कारण यो क्षेत्रमा अवस्थित सुन्दर उच्च पहाडी उपत्यका नुव्री भ्यालीका नामले प्रख्यात छ, यि बाहेक अन्य ससाना खोलाहरुमा: नुम्ला खोला, ग्यागो खोला, दाम्जा खोला, सिप्चेत खोला, लुङडाङ खोला, सर्फु खोला, खार खोला, तेरीङ खोला, नाग्यु खोला, फुर्बे खोला, छुले खोला पर्दछन् । यी श्रोतहरूबाट सामान्य सिंचाई र खाने पानीका लागि प्रयोगमा ल्याइएका भए पनि प्रयाप्त मात्रामा सिँचाईको रूपमा सदुपयोग गर्न सकिएको अवस्था छैन ।



### ३.३ सम्पदा, संस्कृति र पर्यटन

#### ३.३.१ सम्पदा

चुमनुव्री गाउँपालिका धार्मिक, ऐतिहासिक तथा पर्यटकीय हिसाबले महत्वपूर्ण गाउँपालिका हो । यी ठाउँहरूको विकास र व्यवस्थापन गर्न सके चुमनुव्री गाउँपालिका सांस्कृतिक पर्यटकीय स्थलहरूको संरक्षण हुनुका साथै स्थानीयहरूको आयआर्जनमा पनि वृद्धि गर्न सकिने सम्भावना देखिन्छ ।

#### ३.३.२ संस्कृति

चुमनुव्री गाउँपालिकामा सांस्कृतिक र जातीय विविधता छ। सांस्कृतिक विविधता र धरोहर समेत यस गाउँपालिकाको विशिष्ट पहिचानको रूपमा रहेको छ । गुरुङ, चुम्वा, नुव्री, तामाङ, क्षेत्री, दलित र घले जातीको बसोबास रहेको यस गाउँपालिकामा जनजातिहरूको बाहुल्य रहेको छ । उनीहरूमध्ये धेरै जसो आफ्नो परम्परा अनुसारका धर्म रीतिरिवाज र संस्कृति मान्दछन् । जाति र धर्म अनुसार चालचलन र संस्कृति पनि फरक फरक पाइन्छ। यहाँ बसोबास गर्ने मानिसहरूको आफ्नै भाषा र भेषभुषा रहेको पाइन्छ । सामाजिक परम्परा/छिमेकीको विवाह, भोज, व्रतवन्ध, मृत्यु जस्ता सामाजिक परम्परामा पनि यहाँका मानिसहरू रीतिथिति र परम्परा अनुसार मान्ने चलन छ । यहाँका मानिसहरू दसैँ, तिहार तथा अन्य चाडहरू मान्नुका साथै धार्मिक विविधता भए तापनि एक आपसमा घुलमिल भएर बस्ने गरेका छन् ।अन्तरराष्ट्रिय स्तर मा नै प्रख्यात सेराङ्गी गुम्बा, मु गुम्बा, राजेन गुम्बा, गुम्बा लुङराङ, ल्हो गुम्बा, हिनाङ गुम्बा, स्याला गुम्बा लगायत विभिन्न गुम्बाहरू यहाँ रहेका छन् । यस गाउँपालिकामा ६४ वटा प्राचीन गुम्बा छन् । अति प्राचीन महत्वपूर्ण राजन गुम्बा, सेराङ गुम्बा समेत यस पालिका भित्र रहेका छन् । यहाँका मौलिक संस्कृति, कला र रीतिरिवाज पर्यटकीय आकर्षण र अनुसन्धानका लागि महत्वपूर्ण छनायो क्षेत्र प्राकृतिक र सांस्कृतिक सम्पदाको लागि "लुकेको खजाना" को रूपमा चिनिन्छ । २०७२ सालको भूकम्पले ४८ वटा गुम्बा, ऐतिहासिक १०८ जोड्छे धारा, नागपोखरी लगायत विभिन्न पर्यटन पूर्वाधार क्षतिग्रस्त भएकोमा पुनर्निर्माणको कार्य थालनी भएको छ ।

#### ३.३.३ पर्यटन

प्राकृतिक र सांस्कृतिक विविधता यहाँको पर्यटनको मुख्य आधार हो । मनासलु संरक्षणक्षेत्रमा रहेको यो गाउँपालिकामा मनासलु, श्रृङ्गी लगायतका १४ वटा हिमश्रृङ्खलाहरू, लार्के, ग्या र ला पास जस्ता प्रसिद्ध पदमार्ग पर्दछन् । यसका अतिरिक्त अन्य दर्शनीय स्थलहरूमा छेकम्पार, सामा जस्ता उपत्यका र काल ताल र वीरेन्द्र ताल, तीनवटा महत्वपूर्ण भरना, रहेका छन् । जैविक विविधताले सम्पन्न यस गाउँपालिकामा अति दुर्लभ खैरे भालु र हिम चितुवा, निलभेडा, थार जस्ता महत्वपूर्ण

जनावर रहेका छन् । चुमनुव्री गाउँपालिका अर्न्तगत रहेका प्रमुख पर्यटकीय गन्तब्यहरूको विकास खासै हुन सकिरहेको अवस्था देखिदैन जिल्लाको सदरमुकामबाट टाढाको दुरीमा रहेर यहाँका राजनितिक दलका प्रतिनिधिहरूको पहुँच केन्द्रसम्म नपुग्दा जुन रूपमा विकास हुनु पर्ने हो सो रूपमा विकास हुन सकेको छैन । पर्यटन यहाँको अर्थतन्त्रको मुख्य आधार रहेको छ । प्रर्याप्त भौतिका पूर्वाधारको विकास नहुदाँ र आवश्यक बजेटको ब्यवस्था गर्न नसक्दा पर्यटकीय क्षेत्रहरूको विकास हुन सकेको छैन । गाउँपालिकाले त्यस्ता पर्यटकीय क्षेत्रहरूमा प्रयाप्त आर्थिक स्रोतको परिचालन गरी त्यस्ता क्षेत्रको विकास भएमा आर्न्तरीक तथा बाहृय पर्यटक मित्राउने सके गाउँपालिकाको विकासमा टेवा पुग्ने देखिन्छ । आन्तरिक पर्यटनको हिसाबले ठुलो सम्भावना रहेको गाउँपालिकाको व्यापक प्रचार र विज्ञापन अभाव छ । पर्यटकको सङ्ख्या क्रमशः बढ्दै गएको छ यद्यपि यस क्षेत्रमा होमस्टे सेवा र थप व्यावसायिक पर्यटन प्रवर्धनको अभाव छ । सरकारले यस क्षेत्रको पर्यटन उद्योगको प्रवर्धनका लागि स्तरीय क्षमता विकास कार्यक्रम थप बजेट विनियोजन गर्नुपर्ने स्थानीयको भनाइ छ ।

# परिच्छेद ४ : कार्यविधि

**४.१ सन्दर्भ सामाग्रीको अध्ययन**

प्रतिवेदनको रूपमा रहेको प्राथमिक र द्धितिय स्रोतहरु जस्तै चुमनुव्री गाउँपालिकाको प्रोफाइल, गोरखा जिल्लाको प्रोफाइल, केन्द्रीय तथ्याङ्क विभागद्वारा प्रकाशित डाटा, स्थलाकृतिक नक्सा, चुमनुव्री गाउँपालिकाबाट प्राप्त भएको भू-उपयोग नक्साको सङ्कलन र समीक्षा गरी यो प्रतिवेदन तयार गरिएको छ । त्यस्तै भू-उपयोग सम्बन्धी ऐन, नियमहरू आदि सम्बन्धित प्रकाशित र अप्रकाशित प्रतिवेदनहरूको सङ्कलन गरी समीक्षा गरियो ।

**४.२ प्रारम्भिक कार्यशाला**

यस चुमनुव्री गाउँपालिकाको भू-उपयोग वर्गीकरण योजना, २०८१ बनाउने क्रममा परामर्शदाताद्वारा १ दिने प्रारम्भिक कार्यशाला आयोजना गरिएको थियो । यस प्रारम्भिक कार्यशालामा परामर्शदाताद्वारा भू-उपयोग ऐनको दफा १८ बमोजिमको भू-उपयोग परिषद र दफा २० बमोजिमको भू-उपयोग कार्यान्वयन समिति गठन गर्न सहजीकरण गरिएको थियो । यस कार्यक्रममा भू-उपयोग योजनाको महत्त्व, आवश्यकता, उद्देश्यहरू छलफल गरिएको थियो । साथै यसै कार्यक्रममा यस चुमनुव्री गाउँपालिकाको भू-उपयोग मापदण्ड, २०८१ तयार गरी भू-उपयोग परिषदबाट स्वीकृत गरिएको थियो ।

### ४.३ वडागत कार्यशाला तथा तथ्याङ्क सङ्कलन

प्रारम्भिक कार्यशाला पछि परामर्शदाताले प्रत्येक वडामा वडागत कार्यशालाको आयोजना गरिएको थियो । साथै यस कार्यक्रम पछि प्रत्येक वडामा सडक, पूर्वाधार तथा अन्य क्षेत्रहरूको जी.पी.एस को प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको थियो ।









**वडामा गरिएको छलफल**

### ४.४ सङ्कलित तथ्याङ्कको विश्लेषण तथा भू-उपयोग वर्गीकरण

यस प्रतिवेदनमा सन्दर्भ सामाग्रीहरूको अध्ययन, स्थलगत अध्ययन, सार्वजनिक सुनुवाइ, विभिन्न सरोकारवालाहरूका राय/सुझाव तथा सिफारिसबाट सङ्कलन गरिएका विभिन्न सूचना तथा तथ्याङ्कहरूको विश्लेषण गरी प्रस्तुत गरिएको छ । यसरी सङ्कलन गरिएको तथ्याङ्कहरूको विश्लेषण विभिन्न उपकरणहरू जस्तै एम.एस. वर्ड, एम.एस. एक्सेल, क्यू-जी.आई.एस, आर्क- जी.आई.एस र गुगल अर्थमा विश्लेषण गरी प्रस्तुत गरिएको छ । यस प्रतिवेदनमा सङ्कलित सबै तथ्याङ्कहरू आर्क-जी.आई.एस मा डिजीटाईज गरी नापी विभागद्वारा तयार पारिएको भू-उपयोग वर्गीकरणको तयार गरी त्यसलाई भू-उपयोग परिषदबाट प्राप्त भएको राय सुझाव, मापदण्ड र स्थानीय आवश्यकताको आधारमा नक्सा अद्यावधिक गरी प्रस्तुत गरिएको छ ।

### ४.५ प्रतिवेदनको अन्तिम प्रस्तुति

यसरी तयार पारिएको यो प्रतिवेदन यस चुमनुव्री गाउँपालिमा अन्तिम प्रस्तुतीकरण गरी थप राय सुझाव प्राप्त गर्नलाई तयार पारिएको हो ।

## परिच्छेद ५ : अद्यावधिक पश्चात भू-उपयोग क्षेत्र वर्गीकरण


भू-उपयोग नियमावली, २०७९ को नियम ५ बमोजिम यस चुमनुव्री गाउँपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण गर्दा देहायका कुरालाई विचार गरी वर्गीकरण गरिएको छ ।

क) स्थानीय आवश्यकता
ख) नियम ४ बमोजिम प्राप्त भू-उपयोग क्षेत्र नक्सा
ग) भू-उपयोग क्षेत्र वर्गीकरणका आधार, मापदण्ड र क्षेत्रफल

यस भू-उपयोग क्षेत्र वर्गीकरण गर्ने आधार, मापदण्ड तथा भू-उपयोग क्षेत्रको न्यूनतम क्षेत्रफल अनुसूची १ मा उल्लेख गरिएको छ ।

*तालिका नं. 19 : सम्भावित (अद्यावधिक) भू-उपयोग वर्गीकरणको अवस्था, क्षेत्रफल (वर्ग कि.मि) र प्रतिशत*

| क्र सं. | अद्यावधिक (सम्भावित) भू-उपयोग क्षेत्र | क्षेत्रफ़ल (वर्ग कि.मि) | प्रतिशत |
|---|---|---|---|
| 1 | कृषि वर्गीकरण क्षेत्र | २३.४१९४ | १.४२०५% |
| 2 | वाणिज्य वर्गीकरण क्षेत्र | ०.०१७१ | ०.००१०% |
| 3 | सांस्कृतिक र पुरातात्विक वर्गीकरण क्षेत्र | 0.१०८२ | ०.००६६% |
| 4 | वन वर्गीकरण क्षेत्र | २२८.३२९३ | १३.८४९५% |
| 5 | औद्योगिक वर्गीकरण क्षेत्र | ०.०००४ | ०.००००२% |
| 6 | अन्य वर्गीकरण क्षेत्र | ५१८.३२६१ | ३१.४३९४% |
| 7 | सार्वजनिक प्रयोग वर्गीकरण क्षेत्र | ५४४.९४७० | ३३.०५४१% |
| 8 | आवासीय वर्गीकरण क्षेत्र | ३.१३४० | ०.१९०१% |
| ९ | नदी र ताल वर्गीकरण क्षेत्र | ३३०.३६९२ | २०.०३८८% |
| **कूल जम्मा** | | **१६४८.६५०६** | **100%** |




*चित्र 5. अद्यावधिक भू-उपयोग क्षेत्रको विवरण*

चुमनुब्री गाउँपालिकामा भू-उपयोगको वर्तमान र सम्भावित (अद्यावधिक) अवस्था हेर्दा समग्र गाउँपालिकालाई ९ वटा भू-उपयोग क्षेत्रमा वर्गीकरण गरिएको छ । विस्तृत विश्लेषण तलको तालिका नं. 20 मा देखाइएको छ। यसले स्पष्ट रूपमा देखाउँछ कि कृषि भूमि प्रयोग विभिन्न भू-उपयोग क्षेत्रहरुमा विशेष गरी आवासीय प्रयोग क्षेत्रमा उपयोग भयको तथ्याङ्कले देखाउँछ । कृषि क्षेत्रको लगभग २.१५१२ वर्ग किलोमिटर भूमि आवासीय भू-उपयोग क्षेत्रमा परिणत भएको छ । यस गाउँपालिकामा नदी र ताल क्षेत्रमा ३३०.३६९२ वर्ग किलोमिटरले ढाकिएको छ। वर्तमानमा कृषि क्षेत्र जमिनमा भएका सम्भावित (अद्यावधिक) भू-उपयोग क्षेत्रमा आवासीय प्रयोग क्षेत्र सिधै ढाकिएको देखिन्छ । विस्तृत रूपमा वर्तमान र सम्भावित (अद्यावधिक) भू-उपयोगको अवस्थालाई तलको तालिकामा देखाइएको छ ।

*तालिका नं. 20 : वर्तमान भू-उपयोग र सम्भावित(अद्यावधिक) भू-उपयोग वर्गीकरण सम्बन्धी विवरण*

| क्र.सं. | वर्तमान भू-उपयोग | क्षेत्रफ़ल (वर्ग कि.मि) | अद्यावधिक (सम्भावित) भू-उपयोग क्षेत्र | क्षेत्रफ़ल (वर्ग कि.मि) |
|---|---|---|---|---|
| 1 | कृषि | २५.५७०६ | कृषि वर्गीकरण क्षेत्र | २३.४१९४ |
| 2 | व्यापारिक | ०.०१७१ | वाणिज्य वर्गीकरण क्षेत्र | ०.०१७१ |
| 3 | सांस्कृतिक र पुरातात्विक | ०.१०८२ | सांस्कृतिक र पुरातात्विक वर्गीकरण क्षेत्र | 0.१०८२ |
| 4 | जङ्गल | २२८.३२९३ | वन वर्गीकरण क्षेत्र | २२८.३२९३ |
| 5 | औद्योगिक | ०.०००४ | औद्योगिक वर्गीकरण क्षेत्र | ०.०००४ |
| 6 | अन्य | ५१८.३२६१ | अन्य वर्गीकरण क्षेत्र | ५१८.३२६१ |
| 7 | सार्वजनिक प्रयोग | ५४४.९४७० | सार्वजनिक प्रयोग वर्गीकरण क्षेत्र | ५४४.९४७० |
| 8 | आवासीय | ०.९८२८ | आवासीय वर्गीकरण क्षेत्र | ३.१३४० |
| ९ | नदी, ताल क्षेत्र | ३३०.३६९२ | नदी र ताल वर्गीकरण क्षेत्र | ३३०.३६९२ |
| **कूल जम्मा** | | **१६४८.६५०६** | **कूल जम्मा** | **१६४८.६५०६** |

# परिच्छेद ६ : निष्कर्ष

चुमनुव्री गाउँपालिकामा सार्वजनिक प्रयोगको जमिनको बाहुल्यता रहेको छ । गाउँपालिकाको कृषि भूमि मुख्यतया अनाज, नगदे बाली उत्पादन र कृषि वनको लागि उपयुक्त छ । सहरीकरण बढ्नेछ र तसर्थ कृषि भूमिको अंश बिस्तारै आवासीय, औद्योगिक र व्यावसायिक प्रयोगमा हुन सक्छ । औद्योगिक र व्यापारिक गतिविधिहरू एकदम कम छन् । धेरैजसो भूमि उर्वर छैन विभिन्न व्यवस्थापनका कारणहरूले यसको क्षमता अनुसार उपयोग गर्न सकिन्छ जुन एक आधारभूत समस्या हुन सक्छ । चुमनुव्री गाउँपालिकाको भिन्न हावापानी र भिन्न भौगोलिक बनावट १२३९-८१६३ मिटर उचाइ रहेको छ । गाउँपालिकाको भू-उपयोग क्षेत्रको नक्सा विभिन्न डाटा तहहरू प्रयोग गरी यस क्षेत्रलाई उपयुक्त हुने उपयुक्त र स्थापित मापदण्डहरू तयार गरी तयार पारिएको छ । यी डाटा तहहरू मुख्य रूपमा ZY-3 स्याटेलाइट छवि, वर्तमान भूमि प्रयोग, माटो डेटा, टोपोग्राफी र जल निकासी, र भूमि क्षमता वर्गहरूमा समावेश गरिएको आर्द्रता प्रणाली, जोखिम तहहरू, जनसङ्ख्या, सडक पहुँच, दूरी जस्ता सामाजिक-आर्थिक र सांस्कृतिक विशेषताहरू हुन् । नदी र निकटता वा अवस्थित सहरी वा अर्ध-सहरी बस्तीहरू सम्म। जोनिङका क्रममा DoLI, DFRS, ICIMOD, खानी तथा भूगर्भ विभाग, जल विज्ञान तथा मौसम विज्ञान विभाग आदिबाट तथ्याङ्क र सन्दर्भ लिइएको छ । प्रस्तावित भू-उपयोग क्षेत्रमा, बाहिर निस्कने झाडी वा झाडीहरू र बाढीको पर्वण क्षेत्रहरू प्रस्ताव गरिएको छ । मुख्य सडक र राजमार्ग, सडक क्रसिङ वा शहरी आवास निर्माणको छेउमा अवस्थित ठुला बस्तीहरूसँगै अव्यवस्थित कृषि भूमिमा आवासीय, व्यावसायिक र औद्योगिक र सार्वजनिक उपयोगिता क्षेत्रका लागि वन विकास र नयाँ क्षेत्रहरू प्रस्ताव गरिएको छ । यस गाउँपालिकामा धेरै सडक निर्माण भएका छन् जसबाट कृषि तथा अन्य कामको पहुँच पुग्ने छ । भू-उपयोग ऐन २०७६ लाई सन्दर्भ गरी बहु मापदण्ड विश्लेषण गरी नतिजा आएको छ । यस गाउँपालिकामा जम्मा दश भू-उपयोग क्षेत्र वर्गहरूमध्ये आठ वटा भूमि प्रयोग क्षेत्र वर्गहरू पाइन्छ ।चुमनुव्री गाउँपालिकाले कुल लगभग १६४८.६५ वर्ग किलोमिटर ओगटेको छ । यस गाउँपालिकामा वर्तमान भू-उपयोग क्षेत्रहरू मध्ये सार्वजनिक प्रयोगको क्षेत्र प्रमुख भू-उपयोग क्षेत्र रहेको छ जसको क्षेत्रफल ५४४.९५ वर्ग कि.मि रहेको छ जुन कुल क्षेत्रफलको ३३.०५% रहेको छ । त्यसै गरी, अन्य भू-उपयोगको क्षेत्र ५१८.३३ वर्ग कि.मि रहेको छ जुन गाउँपालिकाको कुल क्षेत्रफलको ३१.४४ % रहेको छ । त्यसै गरी नदी र ताल क्षेत्रले २०.०४%, वन-जङ्गल क्षेत्रले १३.८५%, कृषी क्षेत्र ले १.५५१%, आवासीय क्षेत्रले ०.०५९६%, सांस्कृतिक र पुरातात्विक क्षेत्रले ०.००६६%, व्यापारिक क्षेत्रले ०.००१% समेटिएको छ र औद्योगिक क्षेत्रले कुल क्षेत्रफलको

०.०००४ वर्ग कि.मी. भन्दा कम ओगटेको छ भने अद्यावधिक (सम्भावित) भू-उपयोग क्षेत्रहरू मध्ये सार्वजनिक प्रयोगको क्षेत्र प्रमुख भू-उपयोग क्षेत्र रहेको छ जसको क्षेत्रफल ५४४.९४७० वर्ग कि.मि रहेको छ जुन कुल क्षेत्रफलको ३३.०५४१% रहेको छ । त्यसै गरी, अन्य भू-उपयोगको क्षेत्र ५१८.३२६१ वर्ग कि.मि रहेको छ जुन गाउँपालिकाको कुल क्षेत्रफलको ३१.४३९४ % रहेको छ । त्यसै गरी नदी र ताल क्षेत्रले २०.०३८८%, वन-जङ्गल क्षेत्रले १३.८४९५%, कृषी क्षेत्र ले १.४२०५%, आवासीय क्षेत्रले ०.१९%, सांस्कृतिक र पुरातात्विक क्षेत्रले ०.००६६%, व्यापारिक क्षेत्रले ०.००१% समेटिएको छ र औद्योगिक क्षेत्रले कुल क्षेत्रफलको ०.००००२ प्रतिशत भन्दा कम ओगटेको छ ।

# अनुसूचीहरू

## अनुसूची : १

## (चुमनुव्री गाउँपालिकाको भू-उपयोग मापदण्ड,२०८२)

चुमनुव्री गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

सिर्दिबास, गोरखा

गण्डकी प्रदेश, नेपाल

# चुमनुव्री गाउँपालिकाको भू-उपयोग मापदण्ड २०८२

**स्वीकृत मिति: २०८२/०१/२१**

**चुमनुव्री गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

सिर्दिबास, गोरखा

गण्डकी प्रदेश, नेपाल

## **चुमनुव्री गाउँपालिकाको भू-उपयोग मापदण्ड २०८२**

**प्रस्तावना :** भूमिबाट महत्तम लाभ लिन भूमिलाई विभिन्न क्षेत्रमा वर्गीकरण गरी प्रयोगमा ल्याउन र गाउँपालिकाको दिगो विकासका लागि एकिकृत स्थानीय भू-उपयोग योजना सञ्चालन गर्ने अवधारणाको विकास गर्नको निम्ति मिति २०८१/०१/०९ गतेको बैठकबाट यो मापदण्ड पारित गरी लागू गरिएको छ ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भ**</u> **:**

क) यस मापदण्डको नाम **"चुमनुव्री गाउँपालिकाको भू-उपयोग मापदण्ड २०८२"** रहेको छ ।

ख) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

**२. <u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

क) "गाउँपालिका" भन्नाले चुमनुव्री गाउँपालिका सम्झनुपर्छ ।

ख) "मापदण्ड" भन्नाले चुमनुव्री गाउँ कार्यपालिकाको कार्यालय, चुमनुव्री गाउँपालिकाबाट स्वीकृत मापदण्डलाई जनाउने छ ।

ग) "प्लटिङ्ग" भन्नाले जग्गालाई आवासीय, व्यापारिक वा अन्य निर्माण कार्यमा प्रयोग ल्याउने प्रक्रिया र त्यससँग सम्बन्धित सबै कार्यलाई जनाउने छ ।

घ) "जग्गा" भन्नाले घर, बाग-बगैचा, रुख, कारखाना, ताल, पोखरी इत्यादी भएको समेत सबै किसिमको जमिनलाई सम्झनुपर्छ ।

ङ) "जग्गावाला" भन्नाले प्रचलित कानून बमोजिम जग्गामा जग्गाधनी हक हुने व्यक्ति तथा निकायलाई सम्झनुपर्छ ।

च) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय, चुमनुव्री गाउँपालिका सम्झनु पर्छ ।

छ) "सदस्य" भन्नाले गाउँ कार्यपालिकाको सदस्यलाई सम्झनुपर्छ ।

ज) "अनुगमन समिति" भन्नाले यसै मापदण्ड अनुसार गठन गरिएको अनुगमन समितिलाई जनाउनेछ ।

झ) "विषयगत शाखा" भन्नाले यस मापदण्डअनुसार तोकिएको विषयगत शाखालाई जनाउनेछ ।

ञ) "संयोजक" भन्नाले यस मापदण्ड बमोजिम गठित समितिको संयोजक सम्झनुपर्छ ।

ट) कित्ताकाट" भन्नाले जग्गा बिक्री प्रयोजनको लागि मालपोत कार्यालयबाट अधिकारक रुपमा दिईएको कागजातलाई सम्झनु पर्छ ।

ठ) "सिफारिस" भन्नाले गाउँपालिकाबाट पर्चलित कानुनको अधिनमा रही लिखित रुपमा दिईएको जग्गा विकास र कित्ताबाट सम्बन्धित कागजात सम्झनुपर्छ ।

ड) "जग्गा विकास" भन्नाले साविकको जग्गाको स्वरूप परिवर्तन गरी आवासीय, व्यापारिक वा अन्य निर्माण कार्यमा प्रयोगमा ल्याउने प्रक्रियालाई सम्झनुपर्छ ।

ढ) "खेतीयोग्य जग्गा" फिल्डबुकमा कृषि क्षेत्रको किसिम कायम भएका कित्ता जग्गाहरु वा फिल्डबुकमा अब्बल, दोयम, सिम, चहार भनी परिभाषित गरिएता पनि चुमनुव्री गाउँपालिकाले जग्गाको मौजुदा अवस्था र निर्धारित अन्य मापदण्डको आधारमा खेतीयोग्य जग्गाभनी निर्धारण गरेको कित्ता जग्गाहरुलाई सम्झनुपर्छ ।

ण) "जग्गा उपयोगिता विश्लेषण प्राविधिक समिति" भन्नाले गाउँपालिकाद्वारा गठित जग्गा उपयोगिता विश्लेषण प्राविधिक समितिलाई सम्झनुपर्नेछ ।

**३. <u>भू-उपयोग मापदण्ड निर्धारणका आधारहरु</u>**

क) विध्यमान भू-उपयोगको अवस्था,

ख) नापी विभागले पठाएको भू-उपयोग क्षेत्र वर्गीकरणको तथ्याँक

ग) सडक, बाटोको पहुँच र सो को वर्गीकरण,

घ) कृषि उत्पादन र उद्पदकत्वको अवस्था,

ङ) वातावरण तथा बिपद संवेदनशीलता,

च) भू-उपयोग ऐन २०७६,

छ) भू-उपयोग नियमावली २०७९,

ज) सामाजिक तथा आर्थिक पूर्वाधारको वितरण,

झ) सहरी बिकास योजना/आयोजना,

ञ) Google Satellite Images,

ट) GIS Analysis

ठ) वडाबाट आएको राय सुझाव,

ड) विभिन्न क्षेत्रका विज्ञहरु र सर्वदलीय, सर्वपक्षिय भेलाबाट प्राप्त राय सुझाव ।

**४. <u>भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धि मापदण्डहरु तथा आधारहरु</u>**

१. हालको उपयोगमा रहेको जग्गालाई यस मापदण्ड उल्लेख भएकोमा भन्दा बाहेक नापी विभागबाट हस्तान्तरण भएको वर्गीकृत भू-उपयोग क्षेत्र वमोजिम नै वर्गीकरण गर्ने ।

२. जोखिम लगायत अन्य सम्वेदनशिल क्षेत्रको जग्गालाई नापी विभागबाट हस्तान्तरण भएको वर्गीकृत भू-उपयोग क्षेत्र वमोजिम नै वर्गीकरण गर्ने ।

३. साविक बमोजिमका सरकारी, सार्वजनिक तथा सामुदायिक प्रयोजनका लागि प्रयोग हुने जग्गा, खुल्ला क्षेत्र, पार्कहरु समेत (सेवा प्रदान गर्ने सरकारी कार्यालय बाहेक) लाई सार्वजनिक क्षेत्रमा बर्गिकरण गर्ने र सो को समुचित संरक्षणको नीति लिने ।

४. यस अघि नापी विभागबाट आवासीय, व्यबसायिक र औद्योगिक क्षेत्रमा बिभाजन भएको जग्गालाई सोहि वर्गीकरण गर्ने, तर गाउँपालिकाको आवश्यकता र उपयुक्तता देखिएमा क्षेत्र परिवर्तन गर्न सक्ने ।

५. हाल उपयोगमा रहेको नदिनाला, ताल, तलैया, पोखरी लगायतका पानीजन्य उपयोगमा रहेको क्षेत्रलाई नदि, खोला, तथा सिमसार क्षेत्रमा वर्गीकरण गर्ने ।

६. हाल उपयोगमा रहेका मठ मन्दिर, गुम्बा लगायत धार्मिक क्षेत्रले चर्चेको जग्गा, परापूर्वकालमा देखिएका ऐतिहासिक धरोहर, सांस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रहरुलाई सांस्कृतिक तथा पुरातात्विक क्षेत्रमा वर्गीकरण गर्ने ।

७. हाल कायम सवै किसिमका वनपैदावार क्षेत्र (निजि जग्गामा भएको बाहेक)लाई वन वर्गीकरण गर्ने ।

८. स्थानीय तहबाट स्विकृती प्राप्त गरी खानी तथा खनिज जन्य पदार्थहरु जस्तै ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् गर्ने क्षेत्रलाई खानी तथा खनिज क्षेत्रमा वर्गीकरण गर्ने ।

९. गाउँ क्षेत्रमा नेपाल सरकार, उद्योग मन्त्रालयबाट स्वीकृत औद्योगिक ग्राम सञ्चालन सम्बन्धि कार्यविधि २०७५ बमोजिम कम्तिमा एक वटा औद्योगिक ग्राम क्षेत्र निर्धारण गरी औद्योगिक क्षेत्रमा वर्गीकरण गर्ने ।

१०. हाल चलन चल्तीमा उपयोग भईरहेको पसल, बैंक तथा वित्तीय संस्था, होटेल, रेष्टुरां, हाटबजार लाग्ने स्थल चमेनागृह खाजा र फास्टफुड घर, व्यावसायिक प्रयोजनका लागि उपयोग गर्ने स्टोरेज क्षेत्र, सेवा प्रदान गर्ने सरकारी कार्यालय र सोले चर्चेका खाली जग्गा, निजी क्षेत्रबाट संचालित अस्पताल, विद्यालय, क्याम्पस, नर्सिङ्होम, पोलिक्लिनिक, रेडियो तथा टेलिभिजन बोर्डका स्टिङ्ग संस्था, ईन्टरनेट सेवा प्रदायक संस्था लगायतलाई व्यवसायिक क्षेत्रमा वर्गीकरण गर्ने ।

# अनुसूची : २

# (माईन्युट्स)

चुमनुब्री गाउँपालिका
१ नं. वडा कार्यालय
सामागाउँ, गोरखा
गण्डकी प्रदेश, नेपाल

आज मिती २०८२ बैशाख २३ गतेका दिन चुमनुब्री गाँउपालिका वडा नं १ का अध्यक्ष कर्मा ज्युको अध्यक्षतामा भु-उपयोग योजना सम्बन्धी बैठक बसियो ।

उपस्थिति

| | |
|---|---|
| १. कर्मा छेवाङ लामा | वडा अध्यक्ष |
| २. दिक्षिण डोमा लामा | वडा सदस्य |
| ३. कर्मा साम्डु लामा | वडा सदस्य |
| ४. पासाङ लामा | वडा सदस्य |
| ५. गणेश दानी | |
| ६. विक्रम धामी | |
| ७. गणेश खड्का | |

निणर्यः

१. शयाला क्षेत्रमा १०० मि. वरिपरी बसोबास क्षेत्र ।
२. सामा पुरानो बस्ती क्षेत्रमा २० मि. वरिपरी बसोबास क्षेत्र ।
३. सामा नयाँ बस्ती क्षेत्रमा ५० मि. वरिपरी बसोबास क्षेत्र ।
४. सम्दो बस्ती क्षेत्रमा ५० मि. वरिपरी बसोबास क्षेत्र ।
५. सम्पुर्ण सरकारी जग्गाहरु सार्वजनिक सेवा क्षेत्र ।

कर्मा छेवाङ ला
वडा अध्यक्ष

# चुमनुब्री गाउँपालिका
## CHUMNUBRI RURAL MUNICIPALITY

२ नं. वडा कार्यालय
2 No. Ward Office
ल्हो, गोरखा
Lho , Gorkha

पत्र संख्या ( Reference ) : २०८१/२०८२
चलनी ( Dispatch No. ) : २५६

गण्डकी प्रदेश ( Gandaki Province ) :
मिति ( Date ) :२०८२-०२-२०

बिषयः भु-उपयोग योजना बैठकको सिफारिस सम्बन्धमा।

उपरोक्त सम्बन्धमा यस गोरखा जिल्ला चुमनुब्री गाउँपालिका वडा नं.२ ल्होमा मिति २०८२-०१-१७ गते बसेको भु-उपयोग योजना सम्बन्धीको बैठकमा जग्गा बर्गीकरण तपशिल बमोजिम रहेने निर्णय गरिएको छ।

तपशिलः

१.ल्हो बजार क्षेत्र १०० मि. वरिपरी बसोबास क्षेत्र।
२.बन्जाम गाउँ क्षेत्रमा ४० मि.वरिपरी बसोसास क्षेत्र।
३.लिही गाउँ क्षेत्रमा ४०मि. वरिपरी बसोबास क्षेत्र।
४.स्यो गाउँ क्षेत्रमा ४० मि. वरिपरी बसोबास क्षेत्र।
५.हिनाङ गाउँ र स्यो रिप गाउँ क्षेत्रमा ३० मि. वरिपरी बसोबास क्षेत्र।
६.लिमी गाउँ,होङ्पो गाउँ,पेजा गाउँ,खातो गाउँ,टोङ गाउँ,रुङ गाउँ,फेला गाउँ सबै २० मि.वरिपरी बसोबास क्षेत्र।
७.गोमनाङ गाउँ,छोकाम गाउँ क्षेत्रमा २५ मि. वरिपरी बसोबास क्षेत्र।

- सरकारी जग्गाहरु
-गोरेटो बाटोको अवाश्यक मापदण्डहरु
-सांस्कृतिक सम्पदाहरु ।

मिङ्ग्युर दोर्जे लामा
वडा अध्यक्ष

मिङ्म्युर दोर्जे लामा
वडा अध्यक्ष
चुमनुब्री गा.पा वडा नं.२

आज मिति २०८२ वैशाख १९ गतेका दिन धुमपुची गाउँपालिका वडा नं. ३ का अध्यक्ष राम कुमार गुरुङको अध्यक्षतामा भू-उपयोग योजना सम्बन्धी बैठक बसियो।

उपस्थिति

| | | |
|---|---|---|
| १ राम कुमार गुरुङ | वडा अध्यक्ष | |
| २ जिवन गुरुङ | वडा सदस्य | |
| ३ कान्छा गुरुङ | सदस्य | |
| ४ लाङमा गुरुङ | महिला सदस्य | लाङमा |
| ५ पुतली कामि | महिला सदस्य | |

अन्य उपस्थिति

| | | |
|---|---|---|
| ६ रुपेश घले | कार्यपालिका सदस्य | |
| ७ गणेश बिक | कार्यपालिका सदस्य | |
| ८ ~~बिरनु गुरुङ~~ सुर्य ब. गुरुङ | नेपाली कांग्रेस प्रतिनिधि | |
| ९ चन्द्र बहादुर गुरुङ | एमाले प्रतिनिधि | |
| १० कुमारी गुरुङ | नेकपा माओवादी प्रतिनिधि | |
| ११ गणेश कार्की | ने.क.पा पार्टि प्रतिनिधि | गणेश कार्की |
| १२ बिहिवार गुरुङ | | |
| १३ हिरा गुरुङ | | |
| १४ कान्छा गुरुङ | वडा सहयोगी | |
| १५ बहादुर गुरुङ | | |
| १६ पूर्ण बहादुर कार्की | | |
| १७ छिरिङ गुरुङ | | छिरिङ |
| १८ बिरनु गुरुङ | | |
| १९ सिङ बहादुर गुरुङ | | लोक |
| २० लोक बहादुर गुरुङ | | |
| २१ गणेश खत्री | प्राविधिक | 9843376006 |
| २२ गणेश खड्का | ,, | 9827793053 |
| २३ विक्रम धामी | ,, | 9862534562 |

राम कुमार गुरुङ
वडा अध्यक्ष

निर्णयहरु

१. जगत बस्ति बाट 50 मि. वरिपरि बसोबास क्षेत्र।
२. भालुवन बस्ति बाट 50 मि. वरिपरि बसोबास क्षेत्र।
३. फिलिम बस्ति बाट 150 मि. वरिपरि बसोबास क्षेत्र।
४. पैंयो बस्ति बाट 60 मि. वरिपरि बसोबास क्षेत्र।
५. कानेला बस्ति बाट 50 मि. वरिपरि बसोबास क्षेत्र।
६. पाङसिङ बस्ती बाट 100 मि. वरिपरि बसोबास क्षेत्र।
७. पाते बस्ती बाट 50 मि. वरिपरि बसोबास क्षेत्र।

- सरकारी भवनहरु।
- सांस्कृतिक सम्पदाहरु।
- प्राकृतिक सम्पदाहरु।
- सडक र गोरेटो बाटोको आवश्यक मापदण्ड हरु।

गणेश कार्की

राम कुमार गुरुङ
वडा अध्यक्ष

आज मिति २०८२ साल वैशाख १७ गतेका दिन चुमनुब्री गाउँपालिका वडा नं. ४ का अध्यक्ष पेमा ग्याल्पो लामा अध्यक्षतामा भु-उपयोग योजना सम्बन्धी वैठक बसियो।

उपस्थिति

१.पेमा ग्याल्पो लामा- वडा अध्यक्ष
२.फुर्पु ठिले लामा - वडा सदस्य
३.गणेश दानि
४.गणेश खड्का
५.विक्रम धामी

निर्णय

१. नामरुङ बस्तीबाट १५ मि. वरिपरि बसोबास क्षेत्र।
२. प्रोक बस्तीबाट ४० मि. वरिपरि बसोबास क्षेत्र।
३. गाप वस्तीबाट १० मि. वरिपरि बसोबास क्षेत्र।
४.क्राक वस्तीबाट २० मि. वरिपरि बसोबास क्षेत्र।
५. छाक वस्तीबाट २० मि. वरिपरि बसोबास क्षेत्र।

- सरकारी जग्गाहरु
- सासकृतिक सम्पदाहरु
- गोरेटो बाटोको आवसीय मापदण्डहरु
- प्रकृतीक सम्पदाहरु

आज मिति २०८२ साल वैशाख १७ गतेका दिन चुमनुब्री गाउँपालिका वडा नं. २ का अध्यक्ष कार्मो ढेवाङ ज्यू को अध्यक्षतामा भू-उपयोग योजना सम्बन्धी बैठक बसियो।

उपस्थिति

| | | |
|---|---|---|
| १. कार्मो ढेवाङ | वडा अध्यक्ष | |
| २. सोनाम साङ्मो लामा | महिला सदस्य | |
| ३. लोन्जीङ नोर्बु गुरुङ | सदस्य | |
| ४ खेमराज रुचायत | वडा सचिव | |
| ५ गणेश दानी | | |
| ६ गणेश खड्का | | |
| ७ विक्रम घानी | | |

निर्णय

१. विहि बस्ती वरिपरि २० मि. बसोबास क्षेत्र।
२. होमगाउँ बस्ती वरिपरि १० मि. बसोबास क्षेत्र।
३. होमगाउँ बस्ती वरिपरि २० मि. बसोबास क्षेत्र।
४. Krake बस्तीबार वरिपरि ६० मि बसोबास क्षेत्र [६०]
५. लिपुर गाँउ वरिपरि ४० मि बसोबास क्षेत्र।
६. खन्तेन गाँउ वरिपरि ५० मि बसोबास क्षेत्र
७ डेङ गाँउ वरिपरि ३० मि बसोबास क्षेत्र।
८ सावा बस्ति वरिपरि ० मि बसोबास क्षेत्र।
९ सरकारी निकायहरु, गोरेटो बाटोको आवश्यक मापदण्डहरु र सांस्कृतिक सम्पदाहरुको पनि मापदण्डहरु तोकिएको छ।

"दिगो विकास,अनुपम संस्कृती,उन्नत पर्यटन,सम्वृद्ध चुमनुब्री"

# चुमनुब्री गाउँपालिका

**CHUMNUBRI RURAL MUNICIPALITY**

वडा नं ६ को कार्यालय

**6 No. Ward Office**

चुम्चेत, गोरखा

chumchet, Gorkha

पत्र संख्या (Reference No.):०८१-०८२ | गण्डकी प्रदेश (Gandaki Province)

चलानी नं (Dispatch No.): १२६ | मिती (Date): २०८२-०१-२२

विषयः **भु-उपयोग योजना बैठकको निर्णयहरुको बारेमा ।**

उपरोक्त सम्बन्धमा यस गोरखा जिल्ला चुमनुब्री गाउँपालिका वडा नं ६ चुम्चेतमा मिति २०८२-०१-१६ गते बसेको भु-उपयोग योजना सम्बन्धीको बैठकमा जग्गा वर्गीकरण तपशिल बमोजिम रहने निर्णय गरिएको छ ।

निर्णयहरुः

१. लोक्पा बाट २० मि. वरीपरी बसोबास क्षेत्र
२. सिपचेत बाट १० मि. वरीपरी बसोबास क्षेत्र
३. धुम्जे बाट १० मि. वरीपरी बसोबास क्षेत्र
४. थारोङ बाट ५ मि. वरीपरी बसोबास क्षेत्र
५. चुम्लिङ बाट ५० मि. वरीपरी बसोबास क्षेत्र
६. ताँजु बाट १० मि. वरीपरी बसोबास क्षेत्र
७. रेन्जम बाट १० मि. वरीपरी बसोबास क्षेत्र
८. खार बाट ५ मि. वरीपरी बसोबास क्षेत्र
९. सिम्जे बाट १० मि. वरीपरी बसोबास क्षेत्र
१०. खाङरिङ बाट १५ मि. वरीपरी बसोबास क्षेत्र

-सरकारी जग्गाहरु
- गोरेटो बाटोको अवाश्यक मापदण्डहरु
- सांस्कृतिक सम्पदाहरु ।

सरोज लामा
वडा अध्यक्ष

Email: chumnubrichumchet@gmail.com

आज मिति २०८२ साल वैशाख १६ गतेका दिन चुमनुब्री गाउँपालिका वडा नं. ६ का अध्यक्ष टसी दोर्जे लामा ज्यूको अध्यक्षतामा भू-उपयोग योजना सम्बन्धी बैठक बसियो ।

उपस्थिति

१. निमा लामा — गाउँपालिका अध्यक्ष
२. टसी दोर्जे लामा — वडा अध्यक्ष
३. छिरिङ भुटी लामा — कार्यपालिका सदस्य
४. छेतेन कुन्डेल लामा — वडा सदस्य
५. सागर पोखरेल — रोयल एभिसन
६. गणेश ढाली
७. गणेश खड्का
८. बिक्रम धामी


निर्णय

१. ह्रिनामपारो बस्तीबाट .१०० मि वरीपरी बसोबास क्षेत्र
२. ङोड. बस्तीबाट .१०० मि वरीपरी बसोबास क्षेत्र
३. डाक्यु लेरु बस्तीबाट .१०० मि वरीपरी बसोबास क्षेत्र
४. लामागाउँ बस्तीबाट . १०० मि वरीपरी बसोबास क्षेत्र
५. भुर्जी बस्तीबाट . १०० मि वरीपरी बसोबास क्षेत्र
६. लार बस्तीबाट . ३० मि वरीपरी बसोबास क्षेत्र
७. पुर्वे पङदुन बस्तीबाट . १०० मि वरीपरी बसोबास क्षेत्र
८. छुले बस्तीबाट . १०० मि वरीपरी बसोबास क्षेत्र
९. निले बस्तीबाट . १०० मि वरीपरी बसोबास क्षेत्र


सरकारी जग्गाहरु
- वडा कार्यालय
- स्वास्थ्य चौकी

CamScanner


# अनुसूची : ३
# (भू-उपयोग नक्सा)





*चित्र 6. अद्यावधिक भू-उपयोग क्षेत्र वर्गीकरण नक्सा*





*चित्र 7. अद्यावधिक भू-उपयोग क्षेत्र वर्गीकरण नक्सा वडा 1*





*चित्र 8. अद्यावधिक भू-उपयोग क्षेत्र वर्गीकरण नक्सा वडा 2*





*चित्र 9. अद्यावधिक भू-उपयोग क्षेत्र वर्गीकरण नक्सा वडा 3*





*चित्र 10. अद्यावधिक भू-उपयोग क्षेत्र वर्गीकरण नक्सा वडा 4*




*चित्र 11. अद्यावधिक भू-उपयोग क्षेत्र वर्गीकरण नक्सा वडा 5*




*चित्र 12. अद्यावधिक भू-उपयोग क्षेत्र वर्गीकरण नक्सा वडा ६*




*चित्र 13. अद्यावधिक भू-उपयोग क्षेत्र वर्गीकरण नक्सा वडा ७*